सि.जि.प्र.द.नं. १७
जि.हु.द.नं. २८

सन्देश
# जनप्रिय
Sandesh Janapriya Weekly साप्ताहिक

❖ वर्षः- २१ ❖ अङ्कः- ७ ❖ २०८० भाद्र २० गते बुधबार(6 Sep. 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-




# इतिहासको भारी बोकाउँदै नेता, छोड्दै एमाले कार्यकर्ता !

**सिन्धुली**/ नेकपा एमालेले सातै प्रदेशको अधिवेशन आगामी असोज मसान्तसम्म सम्पन्न गर्ने गरी कार्ययोजनाहरु अगाडि बढाएपछि जिल्ला जिल्लामा पनि अबको अध्यक्ष यो वा त्यो आइदिए हुन्थ्यो वा फलानोलाई त बनाउँनैं हुँदैन भनेर चर्चा र परिचर्चा प्रारंभ हुन थालेको छ भलै जिल्ला र पालिका अधिवेशनको मिति तोकिनैं बाँकी छ । संभवतः एमालेले विगतमा जस्तै पालिकाहरुको अधिवेशन एकै दिन तोक्ने छ । जसले गर्दा गुटगत प्रभाव कम होस् र नेतृत्व छनोटमा कुनै एउटा नेता वा समूह हाबी नहोस् भन्ने उदेश्यले यसो गरिएको हुनुपर्छ ।

चितवनको सौहरामा भएको एमालेको दशौं राष्ट्रिय महाधिवेशनले पारित गरेका नीति र कार्यक्रमलाई जनस्तरमा लैजाने प्रमुख जिम्मेवारी अधिवेशनपछि चुनिएको नयाँ नेतृत्व को हो । जसका लागि संगठन र नेतृत्वको प्रश्न निरुपण नैं अधिवेशन को प्रमुख जिम्मेवारी रहने गर्छ । एमाले जति वेला बलियो बन्छ, त्यति वेला फुट्ने गरेको छ । जति वेला पार्टी जनताका बीचमा लोकप्रिय बन्छ, त्यति वेला पार्टीको संगठनात्मक जीवनमा गम्भीर समस्या सिर्जना हुने र त्यसलाई विभाजनको तहमा पुऱ्याउने काम हुँदै आएको छ ।



मिसन ग्रासरूटले एमाले सिन्धुलीको आन्तरिक अबस्था, नेताहरुमा देखिएको गुटगत मनोदसा र पार्टीलाई कसरी सवल, सुदृढ र अझ सशक्त बनाउन सकिन्छ भनेरै आज एमाले कहाँ छ भन्ने प्रश्नको उत्तर यतिबेला नेता कार्यकर्ताले मिहिन तरिकाले खोजिरहेका छन् ।

यतिबेला सिन्धुली एमालेमा नेता कार्यकर्ता बढेका छन्, सदस्य संख्या र मतदाता पनि बढेका छन् अर्थात समग्रमा जिल्लामा खसेको मत परिणामलाई हेर्दा आज एमाले ठूलो बनेको छ तर जति पार्टी सदस्यछन् त्यो आधारमा भने मत एमालेले पाउनै सकेन त्यसको लेखाजोखा गर्न जरुरी छ । एमालेमा अँध्यारो पक्ष धेरै छ र समस्या पनि धेरै छन् । हिजोको आदर्श र बलिदानी भावनामा नेतृत्व तहमा स्खलन आएको छ, नेता कार्यकर्ताका स्वार्थ र आकांक्षा बढेका छन्। यही धरातल मा उभिएर जबजको मार्गदर्शन र पछिल्लो अनुभवका आधारमा पार्टीको संगठनात्मक जीवनलाई पुर्नः व्यवस्थित गर्नु जरूरी छ। जुन कुरा अहिले अभियानका रुपमा चलिरहेको छ ।

राणा शासन र राजतन्त्रको समूल अन्त्य गरेर गणतान्त्रिक व्यवस्था ल्याइसक्यौं । तर, जनताको अवस्थामा गुणात्मक परिर्वतन ल्याउन सकिएन । जनआन्दोलन २०४६ र २०६२/६३ को मुख्य मर्म भनेकै विधिसम्मत शासन व्यवस्था सञ्चालन गर्नुपर्ने जिम्मेवारी थियो । गाउँ गाउँमा पुगेका भनिएका सिंहदरवारहरु मृत राजाको नयाँ अबतारका रूपमा प्रकट भए र शासन गर्न थाले । आन्दोलनको जनादेशले दिएको त्यो मौका दलहरूले गुमाउन थालेको अनुभूति हुन थालेको छ । सत्ताको लागि जे पनि गर्ने, लेनदेनको र सौदाबाजीमा बढेको राजनैतिक ●बाँकी २ पेजमा

# विशाल कुमार स्मृति पत्रकारिता पुरस्कार गौतमलाई

**सिन्धुली**/ नेपाल पत्रकार महासंघ सिन्धुलीका संस्थापक एवम् जनपक्षीय पत्रकार कृष्ण गौतमलाई यस वर्षको विशाल-कुमार स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिने भएको छ ।

शहिद विशाल कुमारको २० औं स्मृति दिवशको अबसरमा आज बुधवार एक कार्यक्रमका बीच पत्रकार गौतमलाई सम्मान गरिने आयोजकले जनाएकाछन् । जनपक्षीय पत्रकारितामार्फत राजनीतिक परिवर्तन को आन्दोलनमा योगदान गरेवापत उहाँलाई सम्मान गर्न लागिएको अध्यक्ष निरु दर्लामीले जानकारी दिइन् । पत्रकार गौतम जनएकता साप्ताहिकबाट पत्रकारिता थाल्नु भएको थियो । अहिले उहाँ सन्देश जनप्रिय साप्ताहिकको प्रधान सम्पादक हुनुहुन्छ । उहाँ अबिचलित रुपमा जनपक्षीय पत्रकारितामा क्रियाशिल हुनुहुन्छ ।



प्रत्येक वर्ष भदौ २० गते पत्रकारिता पुरस्कार प्रदान गर्नेगरी गत वर्ष सो पुरस्कार घोषणा गरिएको थियो । तत्कालिन नेकपा माओवादीका केन्द्रीय सदस्यद्धय शेरमान कुँवर र मोहनचन्द्र गौतम सहित ६ जनालाई तत्कालिन शाही नेपाली सेनाले सिरहाको धन्छवारमा आजकै दिन अर्थात २०६१ भदौ २० गते नियन्त्रण मा लिएर गोली हानी हत्या गरिएको थियो । उक्त हत्यामा सुराकी गरी सेनालाई सघाएको आरोप माओवादी का नेतामाथि लाग्दै आएको छ ।

यसैबीच नेकपा एमाले सिन्धुलीले आज बुधवार उहाँहरुको स्मृतिमा एक कार्यक्रमको आयोजना गरेको छ । एमालेले कार्यक्रममा सहभागी हुन मातहतका निकायलाई आग्रह समेत गरेको छ ।

# धर्म प्रचारक पक्राउ !

**जनकपुर**/ क्रिश्चियन धर्म प्रचारक संस्था सच्चाईले सर्वसाधारणलाई ठगी गरिरहेको समाचारहरु बाहिर आएका बेला जनकपुरको परिक्रमा अमित राउत नेतृत्वको युवाहरूको समूहले कालोमोसो दलेका हुन् । हिन्दू धर्मको गलत व्याख्या गरी जर्वजस्ती प्रलोभवनमा पार्नेगरी



सडकमा धर्मको प्रचार गर्ने महिला-पुरुषलाई हिन्दूवादी युवाहरूको एक समूहले कालोमोसो दलेका छन् ।

नाम नखुलेको एक महिला र एक पुरुषलाई हिन्दू सम्राट सेनाका क्रिश्चियन धर्मको प्रचार गर्ने गरेकाले उनी दुवै जनालाई कालोमोसो दलेर प्रहरीमा बुझाएको हिन्दूवादी महिला मञ्जु मण्डलले जानकारी दिइन् । अहिले उनी दुवै जनालाई जिल्ला प्रहरी कार्यालयमा राखिएको छ ।

# कुकुरले टोक्दा ७ घाइते



**सिन्धुली**/ सिन्धुलीको दुधौली नगर पालिका वडा नम्बर ३ मा भुसिया कुकुरले टोकेर ७ जना घाइते भएका छन् । दुधौलीको झुँगाबाट सेतो प्रकारको कुकुरले बाटो हिँडिरहेका मानिसलाई टोक्न सुरु गरेको थियो । भुसिया कुकुरले ३ नम्बरको झँगाको २ जना, खुट्टेपानीको २ जना, निपानेको २ जना र कालापानीको २ जना लाई टोकेको दुधौली नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष भद्रा माभिले जानकारी ●बाँकी २ पेजमा

## झटारो — राजेश मानन्धर




# सिआइबी प्रमुखले बुट बर्जादैं लिएको बयान !

माओवादी सिन्धुलीका टावर ठानिएका उपमहासचिव हरिवोल गजुरेलले संबाददाता सम्मेलनमा भनेका थिए: सुन प्रकरणमा हाम्रै पार्टीका नेता र छोराहरु जोडिएको राम्रो सन्देश गएको छैन, डा. बाबुराम र माधव नेपाललाई सिआइबीले घरमैं गएर लिएको बयानले पनि पार्टीको शिर उच्च भएन, सो कुरा मैंले प्रधानमन्त्री एवम् पार्टी अध्यक्ष प्रचण्डलाई भनेको छु । नभन्दै त्यसको एक साता बित्न नपाउँदै कृष्णवहादुर महरापुत्र राहुल पक्राउ परे । राहुलको पक्राउ नितान्त माओवादी पार्टीमाथि सुन तस्करी

## गुलेली

□ प्रेम दाहाल



मा संलग्नलाई संरक्षण गरेको आरोप बाट छुटकारा पाउनु हो भन्ने तथ्य कहींकतैबाट लुकेको छैन ।

प्रधानमन्त्री प्रचण्डले उनको सरकारले आयोग गठनपूर्व लिएको केही निर्णय, त्यसका शैली र नियत बुझ्न जरुरी छ । विविध ठूला भ्रष्टाचारकाण्डमा संदिग्ध भूमिका रहेका माओवादी नेताहरु र ललिता निवास जग्गा प्रकरणमा जोडिएको पूर्व प्रधानमन्त्रीहरु सत्ताको दुरुपयोग को डोरीमा गाँसिएका हुन् । उनीहरुको नियति पनि एकै खालको देखिंदैछ । उनीहरु सबैले त्यस्ता मामिलामा उन्मुक्ति पाएनन् भने सबै नेताहरु अन्ततः कानूनको कठघरामा आउने छन् । साझा उन्मुक्ति उनीहरुको साझा स्वार्थ हो । त्यसैले ठूला-ठूला भ्रष्टाचारका मामिलाहरु एकअर्कासँग जोडिएको बुझ्न आवश्यक छ ।

प्रधानमन्त्रीले ● बाँकी २ पेजमा



**सिआइबी .........**

सुनप्रकरण र ललिता निवास जग्गा अपचलन प्रकरणमा पूर्व प्रधानमन्त्रीद्वय बाबुराम भट्टराई र माधवकुमार नेपाललाई उन्मुक्ति दिइसकेका छन् । लोकाचारका लागि दुवैलाई बयान लिन उनीहरुको निवासमा सीआइबी प्रमुख किरण वज्राचार्यले भट्टराई र माधव नेपाल लाई 'बुट' बजारी स्यालुट ठोकेर बयान शुरु गर्दा त्यसको अर्थ र अनुसन्धान निकायको सम्मान र विश्वसनीयतामा आउने आँचबारे राजनीतिक तहमात्र हैन, समग्र मुलुक जानकार छ । यसअघि कलवाइपास प्रकरणमा रुबेल चौधरी (सुजाता कोइरालाका छोरीज्वाइँ) सँगको सोधपुछमा कृष्णप्रसाद सिटौलाले अनुसन्धानकर्ता प्रहरीलाई कोइरालाको घरमैं बोलाएर आफ्नो अघिल्तिर बयान दिलाएको नजीर अहिले फेरि दोहोरिएको छ ।

गृहमन्त्री नारायणका श्रेष्ठको निर्देशनमा अनुसन्धान र राज्यको यो व्यवहारले संग्दिधलाई 'सम्मानित' रुपमा निर्दोष ठहर गरेको छ । सर्वोच्च अदालतले भट्टराई र माधव नेपाललाई मुद्दा चलाउन मार्ग खोल्दा फैसला दिएपछि स्वभाविकरुपमा प्रधानमन्त्री प्रचण्डले आफ्नो पनि उन्मुक्ति खोसिएको महसुस गरेको हुनुपर्छ । अर्थात सत्ता र भ्रष्टाचार को मातृत्वबाट नाता जुरेका यी सबैको स्वार्थ सुरक्षित हुने गरी प्रधानमन्त्रीले सुन तस्करीमा आयोग गठनको निर्णय गरे । भट्टराई र माधव नेपाललाई दिइएको सम्मानले यसलाई स्पष्ट पारेको छ ।

यी दुबै प्रकरणमा एमाले अध्यक्ष केपी ओलीलाई त दोहोरो, तेहेरो फाइदा हुँदैछ । आयोग गठनको श्रेय स्वभाविक रुपमा उनलाई जाने छ । अन्य दुई ठूला दल अर्थात नेपाली कांग्रेस र माओवादीलाई भ्रष्टाचारसँग जोडेर उखान, टुक्का र व्यंग्यका साथ बोलिरहन पाउने छन् । तर, सत्तारुढ पार्टीका सर्वोच्च नेताहरुले उन्मुक्ति पाउने, अनि पूर्व उपप्रधानमन्त्री लगायत अन्य अर्थात प्रशासक र पूर्व मन्त्रीहरु कारबाहीमा पर्ने परिस्थितिले गम्भीर अबस्था ननिम्त्याउला भन्न सकिन्न । बलिभेदीमा चढेकाहरुले आफ्ना नेताहरुलाई बचाउन मौन रहलान् ? यो प्रश्न गंभीर रुपमा उठेको छ ।

यदि गृहमन्त्री नारायणकाजीले भने जसरी 'दोषी नउम्किउन्' भन्ने उनको चाहना या प्रण सत्य साबित हुने कुनै अवस्था देखिंदैन, बरु नैतिकरुपमा कमजोर तथा हैसियतर हित भएर मन्त्रिपरिषद्मै बसिरहने सोचले निरन्तरता पाउने छ । नेपाल प्रहरीको अनुसन्धान निकाय कति कमजोर बनेको छ, त्यो बालुवाटार जमिन र शरणार्थीको छानबिन प्रकरणबाटै सावित भइसकेको छ । जनता, छानबिन र देशको छवि जति कमजोर भएपनि यो पद्धतिमा शीर्ष नेताहरु कानुन तथा संविधान भन्दा बलवान वा शक्तिशाली प्रमाणित भएको छ ।

**इतिहासको .......**

अपराधिकरणले आम नागरिकहरूमा निराशा पैदा गराईरहेको छ ।

चिया, चौतारो र भट्टीमा बसेर आफ्नो नेताहरुको बद्ख्वाई गर्न सक्रिय रहेका सिन्धुलीका एमाले नेता कार्यकर्ताहरुलाई तह लगाउने र पार्टीलाई सही दिशाबाट सञ्चालन गर्ने हिम्मत पार्टी नेतृत्वले गर्न सकेन, जसका लागि नयाँ कार्यशैली, नयाँ ढंगबाट जनतासँग जोड्ने योजना, अब भनेर होइन गरेर देखाउने मौलिक नैतिक शक्ति भएको नेतृत्व आम कार्यकर्ता (जो नेताको वरिपरि घुम्ने होइन) लाई चाहिएको छ । नेतृत्वलाई जनतासँग जोडिन लायक बनाउन, जनतासँग संवाद गर्न सक्ने, देशको राजनीतिमा के भइरहेको छ, त्यो थाहा पाउन सक्ने, सरकार, मतदाता र संगठन सँग जोड्ने वैकल्पिक योजना, नयाँ संकल्प, नयाँ जोस, नयाँ परिकल्पना गर्न सक्ने नेतृत्व गाउँ गाउँका एमाले जनले खोजिरहेका छन् ।

अब जनताको जनजीविका र जीवन यापनलाई सम्मानित बनाउन सक्ने, सामाजिक र आर्थिक व्यवस्थापन सहित सुशासन ल्याउन सक्ने, युवा र आर्थिक एजेण्डासँग काम गर्नसक्ने नेतृत्व आवश्यक छ । अन्यथा मौजुदा व्यवस्थानैं खतरामा पर्नसक्ने गम्भीर अवस्था छ । सिन्धुलीको जनसंख्या साँढे ३ लाखको हाराहारी मा छ । राष्ट्रको मेरुदण्ड मानिएका गुणात्मक र संख्यात्मक दुवै दृष्टिले युवाहरु खाडीमा पसिना बगाइरहेका छन् । उनीहरूलाई आफ्नै गाउँमा रोक्ने कुनै दल वा सिंहदरवारले योजना बनाएनन् । उनीहरुले अहिले सम्म राज्यले आर्थिक समृद्धि र सुशासन स्थापनामा खासै ध्यान दिन सकेको छैन । जसका कारण आर्थिक समृद्धि र सुशासन गफ गर्ने विषयमात्रै बनेका छन् ।

हरेकजसो सिन्धुलीका सिंहदरवारले सुशासन, विकास र समृद्धि कायम गर्न दत्तचित्त भएको भन्दै अनावश्यक गफ हाँक्ने गर्छन् । तर, व्यवहार मा कहिल्यै पनि सोअनुसारको कार्य गरेको देखिँदैन । आज देशमा भ्रष्टाचारको रुप गाउँदेखि केन्द्रको सिंहदरबारमा पुगेको छ । देशको राष्ट्रिय संस्कृति भ्रष्टाचार भएको छ । सरकारी संयन्त्रहरुले प्रभावकारी रुपमा काम गरिरहेका छैनन् । प्रशासनिक संयन्त्र अत्यन्तै सुस्त छ । जनजीविकाका सवालहरु ओझेलमा परिरहेका छन् । अहिले जनताले राज्यको अपनत्व खोजिरहेका छन् ।

जबसम्म जनजीविकाका सवालहरु ओझेलमा पर्छन् तबसम्म जनताले स्थानीय वा केन्द्र सरकारसँग अपनत्व महसुस गर्न सक्दैनन् । जनताले राज्यप्रति अपनत्व महसुस गर्न नसक्ने अवस्था लामो समयसम्म रहेमा त्यसले मौजुदा व्यवस्थालाईनैं गम्भीर संकटतर्फ लैजाने छ ।

नागरिक आधारभूत आवश्यकतामा गाँस, बास, कपासमात्रै होइन, अब त्ययसँगै स्वास्थ्य, शिक्षा, सुर क्षा र प्रविधिको सहज प्रयोग गर्न खोजिरहेका छन् तर सिन्धुलीको नेतृत्व त्यसबाट बेखबर बनेकोछ । उनीहरुलाई एक अर्का जनता अहिले सबैभन्दा बढी प्रताडित र पीडित हुनुपरेको शिक्षा र स्वास्थ्यभित्रका बेथितिका कारण हो । स्वास्थ्य र शिक्षामा व्याप्त बेथिति र विसंगतिका कारण आमजनतामा निराशा बढ्दो छ । जनताका आधार भूत आवश्यकता परिपूर्ति नगरीकन एकैचोटी बाँडीचुँडी खान खोज्ने खराब प्रवृत्तिका मानिसहरूको एक किसिमको गठबन्धन छ । त्यो गठबन्धनले समाजलाई खराब र भ्रष्ट बनाईरहेको छ । त्यो समूहले जुनसुकै हर्कत र अपराध गरेर भए पनि अत्यधिक आर्थिक लाभ लिइरहेको छ ।

आर्थिक हैसियतकै कारण त्यो समूह सबै दलमा हाबी छ । इमानदारहरूको समूह खराब समूहको अगाडि निरीह जस्तै देखिने गरेको छ । अहिलेको राजनीतिमा सबैभन्दा ठूलो समस्या के हो भने उनीहरु लगानीकर्तामा परिणत भए उनीहरुनैं अस्पताल, विद्यालय, उद्योग, हाइड्रोपावर, बैंक, होटल चलाइरहेका छन् । आफ्नो पेशालाई बढी लाभ दिनेगरी सिंहदर वारलाई कब्जामा लिएर नियम बनाउन तल्लीन छन् । त्यतिमात्र होइन उनीहरुलाई नै नेतृत्वमा ल्याउने होड सबै दलमा प्रवेश गरेको छ । जसले गर्दा राजनीतिलाई दूषित बनाइँदैछ ।

सबै खाले आन्दोलनको नेतृत्व गर्नेहरु परिर्वतनको सुरुवाती चरणमा अब्बल क्रान्तिकारी देखिए । तर, समय बित्दै जाँदा अधिकांश नेतृत्वमा नैतिकता र क्षमता लोप हुँदै गएको छ । राजनीतिमा लामो कालखण्ड बिताएको राजनीतिक ने तृत्वले सामाजिक परिर्वतनलाई बुझ्न सकेन । सबै कुराको निर्धारण राजनीतिले मात्र गर्छ भन्ने अहंकारले सामाजिकतालाई लथालिंग बनाइ दिएको छ । अर्को कुरा नेतृत्वले सामाजिक मुद्दाहरू उठान गर्न सकेन । हिजो आफूले सृजना गरेका समाजका विभिन्न मागहरुलाई आज सम्बोधन गर्न सकिरहेका छैनन् । नेतृत्व पार्टीको विधान र विधिमैं बसेन । यो नियम त अरुलाई बनाएको हो, मलाई लाग्दैन भन्नु ने तृत्वको सबैभन्दा ठूलो कमजोरी हो । अहिलेको यो सबै परिर्वतन जनताले लडेर ल्याएको होइन, मैले दिलाएको हो भन्ने सामन्ती मान्यताबाट ग्रसित छन् नेताहरु । पार्टीमा नेतृत्व सामूहिक हुन्छ भन्ने सोच हराएका कारणले अहिलेको राजनीति जाली र आडम्बरी बनेको छ । किनभने नेताले भनेका कुराहरु गर्न छाडेका छन् । सत्ता र शक्तिको दम्भले अरुका कुरा सुन्नै नसक्ने भएको नेतृत्व । राजनीति गर्नु भनेको निकै ठूलो त्याग गर्नु हो । राजनीति रोज्नु भनेको व्यक्तिगत हितको साटो सार्वजनिक लाभका लागि काम गर्नु हो भन्ने मान्यता हराउँदै गयो । अहिले राजनीति लाभ लिने र भ्रष्टाचार गर्ने अवसरका रुपमा विकास भएको छ । सिद्धान्तभन्दा व्यक्ति केन्द्रित राजनीति मौलाएको छ । वर्गीय अधिनायकत्व भन्दा धन थुपार्ने कर्मलाई प्राथमिकता दिने राजनीति बढेको छ । राजनीतिको यो नकारात्मक कोर्ष करेक्सन गर्न सक्ने सिद्धान्त निष्ठ नेतृत्व अबको आवश्यकता हो ।

सामाजिक मुद्दाहरुको उठान गर्न सक्ने, सामाजिक परिवर्तनलाई आत्मसात गर्न सक्ने र वर्तमान अवस्थामा जनतालाई डेलिभरी दिन सक्ने ने तृत्व क्षमताको भरोसायोग्य व्यक्तित्व चाहिएको छ । अबका जनता जहिले पनि इतिहासको भारी बोकेर अगाडि बढ्दैनन्, यसलाई बिसाएर नयाँ इतिहास निर्माण गर्न अगाडि जान खोज्दैछन् । एउटाको विरुद्ध अर्को लाई लडाउने नेतृत्व अब असफल भइसकेको छ । अब गुट-उपगुट, विखण्डन बन्द गर्नुपर्छ । सबैलाई समान देख्न सक्ने र ऊर्जा भएकाहरुको नेतृत्व जिल्ला र सबै पालिकाहरूमा अगाडि आउन जरुरी छ । **– पवन राउत**

**कुकुर .......**

दिनुभयो ।

घाइतेहरु ६५ बर्षीय भिम बहादुर खत्री,२० बर्षीय मिलन धामी,६० बर्षीय किशनलाल धामी,२० बर्षीय संगीता कुँमर, ७३ बर्षीय दिलमाया बुढाथोकी र ५ बर्षीय बालक जेम्स मिजारलाई प्राथमिक स्वास्थ्य केन्द्र सिर्थौलीमा प्राथमिक उपचार पश्चात काठमान्डौं पठाइएको छ ।

कुकुरले स्थानीयको घरपालुवा जनावरलाई समेत टोकेको अध्यक्ष माझिले जानकारी दिनुभयो । घाइते हरुको अनुहार,हात,खुट्टामा चोट लागे को छ । भुसिया कुकुर नियन्त्रणको लागि डिभिजन वन कार्यालय सिन्धुली र स्थानीयले खोजिरहेका छन् ।


दर्ता नं.: १८००३८/०७४/०७५ तपाईंको यात्रा शुभ अनि सफल रहोस्...... शुभकामना

चाहना यातायात प्रा.लि.

हाम्रो देशको विद्युत हामीले सदुपयोग गरौं, विद्युतीय गाडीमा आरामदायी यात्रा गरौं ।

सिन्धुली काउण्टर
9854041239
9801718220

काठमाण्डौं चावहिल
९८०१६६८०४५
चालक
९८५४०४५५३२
९८५४०४५५३६
थप जानाकरी
९८५४०४०५३३(टंक)
९८५४०४५५४१(उद्धव)

काठमाण्डौं काउण्टर
9854045531





काठमाण्डौं-खुर्कोट-सिन्धुली-बर्दिबास अग्रिम बुकिङ्ग र रिर्जभको व्यवस्था ।

भर्ना खुल्यो !!

सिन्धुली जिल्लाकै एकमात्र विश्वासिलो कम्प्युटर इन्स्टिच्युट यस सक्सेस कम्प्युटर इन्स्टिच्युटमा कम्प्युटरका विभिन्न कोर्शहरुमा ५०% छुटका साथ नयाँ कक्षाहरु संचालन भइरहेको छ ।

Computer Courses:
1. Basic Computer- 3 Months
2. Office Package- 4 Months
3. Accounting Package- 3 Months
4. Diploma In Computer- 6 Months
5. Diploma In Graphic Design- 6 Months
6. Diploma In Computer Application- 1 year
7. Hardware & Networking- 6 Months


नोटः हामी पढाउने मात्र होइन- तपाईलाई १००% काम गर्न सक्ने बनाउँछौं ।

सक्सेस कम्प्युटर इन्स्टिच्युट
कमलामाई न.पा. ६, २ नं. वजार, सिन्धुली
मो. ९८४४२४५३८३, ९८१७८४५०५४

सिन्धुलीका कुखुरापालक कृषकहरुमा खुशीको खबर !



हामीकहाँ ब्रोइलर,लेयर्स, हाँस, गाई, भैसी, बंगुर, माछा तथा बाखाको दाना पाउनुका साथै लोकल कुखुरा, लेयर्स, गिरिराज, कडकनाथ, बट्टाई,, टर्की र लौकाटको चल्लाहरु पाइन्छ । साथै कृषि सम्बन्धी विउ विजन तथा परामर्श सेवा पनि उपलब्ध गराइन्छ ।



सिद्धबाबा दाना चल्ला सप्लायर्स, सिन्धुली

कृषि उपज वजार, सिन्धुली फोनः ०४७:५२०६६१२ मशिण छापः मोबाइल:९८४४०४५४००, ९८४४०४१०१०

# नेपालमा बढ्दो भू-राजनीतिको प्रयोग र हस्तक्षेप

□ दिपा भण्डारी

**चीनको महाशक्ति बन्ने महत्वाकांक्षाबीच अमेरिकासहितका देशहरुलाई चीनलाई यथासक्य रोक्नुपर्ने तड्कारो छ भने चीनलाई क्षेत्रीय प्रभुत्व कायम राख्दै विश्व महाशक्तिको लागि प्रभाव विस्तार गर्दै जानु छ । उता भारत दक्षिण एसियालाई आफ्नो परम्परागत प्रभाव क्षेत्र ठान्छ । आफ्नो प्रभाव क्षेत्रमा चीनको जबरजस्त उपस्थिति भारतलाई सह्य हुनै कुरै भएन । यसर्थ चीनलाई रोक्न अमेरिकासँग मिल्नु भारतलाई आवश्यक मानिन्थ्यो तर जव भारत ब्रिक्सको सदस्य राष्ट्र बन्यो तब चीनले सार्बजनिक गरेको नयाँ नक्सामा केपी ओली सरकारले थप गरेको चुच्चे नक्सानैं भारतीय क्षेत्रका रुपमा देखाइयो । चीनसँग भारतका केही आफ्नै समस्या छन् र ती समस्याहरु आपसी सहमतिमा हल गर्न दुबै पक्ष राजी भएको ब्रिक्सको सदस्यता लिएबाटै पुष्टि हुन्छ ।**

**सिन्धुली**/ अन्तर्राष्ट्रिय सम्बन्धका विद्वानहरुको मत यो छ कि दुई फरक मूल्य र मान्यता भएका देशहरुको महाशक्ति बन्ने प्रतिस्पर्धाले अन्ततः द्वन्द्व निम्त्याउँछ । यसर्थ शान्तिपूर्ण रुपमा कुनै पनि देशको महाशक्तिको रुपमा पदार्पण हुने सम्भावना छैन । यसको अर्थ अहिलेको महाशक्तिको रुपमा रहेको अमेरिकालाई उछिन्दै चीन अगाडि आउन शान्तिपूर्ण रुपमा सम्भव छैन । यसले कुनै न कुनै रुपमा द्वन्द्व सिर्जना गर्नेछ । शक्ति राष्ट्रहरु आफैं आमनेसामने युद्धमा जाने सम्भावना छैन । यसैले विद्यमान र उदाउँदो महाशक्तिको छद्म युद्धको चपेटामा पेरिफेरीमा रहेका देशहरु पर्न सक्ने सम्भावना उत्तिकै छ । चीन र भारत दुबैसँग जोडिएको भूरणनीतिक अवस्थिति एवं भूराजनीतिक अवस्थाका आधारमा हेर्ने हो भने नेपाल यिनै चुनौती र जोखिमको बीचमा उभिएको छ भन्न सकिन्छ ।

चीनको महाशक्ति बन्ने महत्वाकांक्षाबीच अमेरिकासहितका देशहरुलाई चीनलाई यथासक्य रोक्नु पर्ने तड्कारो छ भने चीनलाई क्षेत्रीय प्रभुत्व कायम राख्दै विश्व महाशक्तिको लागि प्रभाव विस्तार गर्दै जानु छ । उता भारत दक्षिण एसियालाई आफ्नो परम्परागत प्रभाव क्षेत्र ठान्छ । आफ्नो प्रभाव क्षेत्रमा चीनको जबरजस्त उपस्थिति भारतलाई सह्य हुनै कुरै भएन । यसर्थ चीनलाई रोक्न अमेरिकासँग मिल्नु भारतलाई आवश्यक मानिन्थ्यो तर जव भारत ब्रिक्सको सदस्य राष्ट्र बन्यो तब चीनले सार्बजनिक गरेको नयाँ नक्सामा केपी ओली सरकारले थप गरेको चुच्चे नक्सानैं भारतीय क्षेत्रका रुपमा देखाइयो । चीनसँग भारतका केही आफ्नै समस्या छन् र ती समस्याहरु आपसी सहमतिमा हल गर्न दुबै पक्ष राजी भएको ब्रिक्सको सदस्यता लिएबाटै पुष्टि हुन्छ । किनकी नेपाल मामिलामा चाइनाको भारतीय स्वार्थ भन्दा पृथक देखिएपनि नेपाल भारत सिमा बिवादमा चीन तटस्थ बस्छ भन्ने देखिएको छ ।

यसर्थ दुई ठूला देशहरु चीन र भारतबीच रहेको नेपालको भू-रणनीतिक अवस्थितिका कारण शक्ति राष्ट्रहरुको रुचि, उपस्थिति र प्रभाव पछिल्लो समय अझै बढेको बुझ्न सकिन्छ । सन् २००६ पछि नेपालमा कुनै न कुनै नाममा शक्ति राष्ट्रहरुले आफ्नो उपस्थिति बढाएका छन् । नेपालमा आउने विदेशी पाहुनाहरुको बाक्लो आवतजावतलाई मात्रै विश्लेषण गर्‍यौं भने पनि यसको पुष्टि हुन्छ । तर, यहाँ उठेका भूराजनीतिक मुद्दाहरुको सम्बन्धमा नेपाल कसरी प्रस्तुत भइरहेको छ, यो आजको ज्वलन्त सवाल हो । नेपालको सन्दर्भमा हेर्ने हो भने पछिल्लो समय देशभित्र व्यापक छलफल र विवाद भएको मुद्दा एमसीसी र बीआरआई हो । यी दुई यस्ता मुद्दाहरु हुन्, जसमा अमेरिका र चीन आमनेसामने भए । चीनले एमसीसीको सन्दर्भमा प्रस्टै विरोध जनायो ।

अमेरिकाले पनि बीआरआईप्रति संशय र विरोध प्रकट गर्‍यो । एमसीसीको सन्दर्भमा त नागरिक समाज, बौद्धिक जगत, राजनीतिक दललगायत विभाजित नै भए । अन्ततः व्याख्यात्मक टिप्पणीसहित संसदबाट एमसीसी पारित गरियो । केही दिन अगाडिबाट लागु पनि गरियो । सन् २०१७ मै नेपालले हस्ताक्षर गरिसकेको भए पनि बीआरआईमा कुनै प्रगति हुन सकेको छैन । यसलाई पनि भूराजनीतिक जटिलतासँग जोडेर हेर्ने गरिएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बीआरआईअन्तर्गतको परियोजना नभए पनि दूतावासका प्रवक्ताले दाबी गरी सामाजिक सञ्जालमा पोष्ट गरेपछि त्यसमा सबैको चासो भयो । कतिपय विश्लेषकहरुले परम्परागत रुपमा भारतको नेपालमा रहेको भूमिकामा चिनियाँहरु प्रस्तुत हुन थालेको भन्दै आलोचना समेत गरेका छन् । तर, एमसीसीमा पश्चिमाहरुको दबाबको सन्दर्भमा भने खासै चर्चा भएको पाइँदैन ।

चीन र भारतबीच रणनीतिक प्रतिस्पर्धा भइरहेकोमा अमेरिकाको चासो र प्रवेशले यस क्षेत्रमा जटिलता निम्त्याउन सक्छ । दोस्रो विश्व युद्धपछि सुरु भएको अमेरिका र सोभियत रुसबीचको शीतयुद्ध नेपालको भूगोलबाट टाढाका देशसँग सम्बन्धित थियो । तर, अमेरिका र चीनबीचको सम्भावित नयाँ शीतयुद्ध नेपालको साँधसिमानाकै देशसँग जोडिएकाले आगामी दिनहरु चुनौती पूर्ण हुनसक्छन् । परराष्ट्र सम्बन्धमा नेपालले औपचारिक रुपमा असंग्लनता र समदुरीको नीति अवलम्बन गर्दै आएको छ । तथापि यस नीतिको व्यवहारिक कार्यान्वयनमा अलमलिएको वा जटिलताको सामना गर्न तयार नभएको देखिन्छ ।

नेपाली सेनाद्वारा प्रकाशित युनिटी जर्नल, २०२३ फेब्रुअरीको संस्करणमा 'नेपालमा शक्ति राष्ट्रको भूराजनीतिक प्रतिद्वन्द्विताः प्रभाव विश्लेषण' शीर्षकको अनुसन्धनात्मक आलेखमा प्रकाश विष्टले अन्य कारणहरुको अलावा राष्ट्रिय स्वार्थप्रति घरेलु राजनीतिका खेलाडीहरुको कमजोर भावना (बुझाइ)ले पनि शक्ति राष्ट्रलाई नेपालमा खेल्ने उर्बर मैदान प्रदान भएको निष्कर्ष निकालेका छन् । यसर्थ नेपालले पनि विदेशी मित्र राष्ट्रहरुको सम्बन्धमा राष्ट्रिय स्वार्थलाई केन्द्रविन्दूमा राखेर अघि बढ्नु जरुरी छ । हाम्रो राष्ट्रिय आवश्यकता र प्राथमिकताहरु के हुन् भन्नेमा प्रस्ट हुनुपर्छ ।

लर्ड पालमर्स्टनले भनेका छन्, 'अन्तर्राष्ट्रिय सम्बन्धमा स्थायी मित्र वा शत्रु हुँदैनन्, स्थायी स्वार्थहरुमात्र हुन्छन् । त्यसैले एकको विरुद्ध अर्कोलाई प्रयोग गर्ने वा एउटा देशको अति नजिक रहेर अर्को देशबाट टाढा हुने प्रवृत्तिले देशको हित गर्दैन । सम्बन्धमा सन्तुलन र समदुरीलाई उत्तिकै महत्व दिनु जरुरी छ । सरकारैपिच्छे छिमेकी देशहरुसँगको सम्बन्धमा फरक मापदण्ड देखिनु ठीक होइन । कहिले चीन त कहिले भारतसँगको अति निकटताले देशको असंलग्न र स्वतन्त्र परराष्ट्र नीतिमै प्रश्नचिह्न खडा गर्नसक्छ ।' यसतर्फ सरकार सञ्चालक एवं राजनीतिक दलहरु सचेत हुन जरुरी छ ।

## सामाजिक सञ्जाल

भ्रम, यथार्थ र बास्तविकता सोचेभन्दा विपरीत दिशामा अवस्थित छ । दुई ढुंगा बीचको तरुल भनेर जून दिन राष्ट्र एकिकरण गरेपछि दिव्यो पदेश भनेर जानकारी दिएको पाइन्छ, त्यो जतिको अर्को विकल्पमा सोच आएको छैन। दक्षिणतिर मात्र सिमा सुरक्षा र सप्लाईमा निर्भर र हँदा एकतर्फको पेलान्मा परिने निश्चित भएपछि बेला बेलामा देशले कठीन मोडको बाटो हिँड्नुपर्यो । यसको मुकाविला गर्न सिमा जोडिएका मुलुकसँग दैंत्य संबन्ध नगाँसी सुखै भएन र सम्बन्ध स्थापित गरेकै हो । भूपरिवेष्ठित मुलुकले भोग्नुपरेको पिडा र विकासको लागि पारदर्शिता जवाफदेहिता अवलम्वन गर्ने नेपालकै भिजनमा हुनुपर्ने हो। तर..... नेपालीका हैसियतले ३४ वर्षमा ३९ प्रधानमन्त्रीले शासन गरे, भिजन भन्दा भोजनमा रमाए । कुनै विकासको मोडालिटी तयार भएपछि प्रश्न गर्छन् सम्बन्धित सरोकारवाला निकायहरु मलाई के हुन्छ ? मलाई सबै ठाउँमा नहुन सक्छ त्यसपछि त्यो परियोजना क्यान्सिल हुन्छ । जसरी खान नपाएपछि कुनैपनि सडक बनेर तयार हुन्छ । त्यो तयार भएर बनिसकेपछि पुरै सडक खनेर भत्काएर टाल्न सुरु हुन्छ । त्यो ग्वार्को सडक खण्ड निर्माणपछिको कथा जिउँदैछ छ । अब स्वयंभूबाट महाराजगञ्ज रिङरोड सडकखण्ड निर्माण हुँदैछ त्यसलाई पिच हुनु अगाडी केके के कस्ता संरचना बनाउने हो त्यो योजना बेलैमा बनाइसकेपछि पिच गरे मागेको ऋण अर्को ठाउँमा लगानी गर्ने वातावरण सिर्जना हुन्थ्यो। त्यसैले चिन भारत अमेरिका बेलायत रुस फ्रान्स युरोप अमेरिका जापान अष्ट्रेलिया क्यानाडा नर्वे जुनसुकैसँग फ्रिडम भएर आफ्नो देश बनाउने मक्सद राखेर अगाडि बढ्ने प्रयास गरेको भए हुन्थ्यो। तर कसैलाई खुसी बनाउन कसैलाई पच्छ्याउँदै हिँड्नु भनेको आफैंलाई दुःख दिनुहो। हाल युरोपियन युनियन होस् कि अमेरिका, चीन होस् कि भारत नेपाललाई आफ्नो स्वार्थमा कसरी हिँडाउने भनेर स्वार्थ अनुकूल बनाउने उद्देश्यले नेपालमा स्थायित्व होइन रणसंग्राम बनाइदिने उपाय मात्र सिर्जना गरिदिने हो । त्यसैले अरुको पछि लाग्ने होइन, आफ्नो बाटो हिँड्ने कोशिस गरौं ।

➢ **विकास भुजेल, सिन्धुली**

आफ्नो पार्टीको हो भन्दैमा खराव भ्रष्ट र असक्षमलाई नेता मान्नुपर्छ भन्ने छैन ।

➢ **सागर कार्की, नेता नेकपा एमाले, सिन्धुली**

पदको लागि एक दिन तामझाम गरेर सकेसम्म बस रिझर्व गरेर आउछन् । अग्रजको गुलामी गर्छन् तर त्यस पछी सम्पर्क बिच्छेद भएर बस्छन् । अनि प्रत्येक बस्ने बैठकको माइन्यूटमा नाम त लेखिएको हुन्छ तर दस्तखतको ठाउँ खाली हुन्छन् । त्यसैले सबैले सोचौं, कुनलाई चुन्दा सहि हुन्छ ।

➢ **धर्म बल, सिन्धुली**

मैले हजारौ पटक यहि भनेको हु, सुनुवाई हुँदैन ढुक्क हुनुस् । जसरी पनि मान्नै पर्छ, चलननैं त्यस्तै छ ।

➢ **मोटु दिनेश सापकोटा, दुधौली, सिन्धुली**

बोलीमा जस्तै व्यबहारमा पनि उतार्नु पर्‍यो । आजका युवाले त्यो विद्रोह गर्न सक्यो भने परिवर्तन सम्भव छ ।

➢ **गणेश थापा, सिन्धुली**

युवाहरुलाई राजनीति जिम्मा लगाउँदा त हुन्थ्यो तर हिजो आजका अधिकांश युवाहरुको जमात चाहिं बिना अध्ययनको भएकाले जिम्मेवारी लिनपनि सबैखाले सदस्यहरुसँग समन्वय गर्दा राम्रो ।

➢ **केशव पहाडी, खाङसाङ सिन्धुली**

पढेका युवा पढ्ने नाममा विदेशिने नफर्किने, पढि सकेका युवा कमाउन विदेशिने नफर्किने, नपढेका युवा कुल्लि गर्न पनि विदेशिने दुख पायर आउने, पढेकाले टाठाबाठा बाउआमा पनि उतैलाने, मेडिकल फेलहुने,सोझा, बुढाबुढि, असक्त, अपांगता भएका, ईमान्दार स्वदेशमा छन्, स्वदेशमा बाकिबाट देश बनेन भनेको हो कि के हो ? देश बन्न यी माथिका अब्बल नागरिक देशमा हुनु नपर्ने ? चटकेले जादु गरे जसरी देश बन्दैन । मानव श्रोत साधन कौडिमा बेचेर उन्नती खोज्ने दास मानसिकता कसरी हटला । अलिअलि देशको मायाँ लाग्ने देशभक्त नेता जन्माई दिनुनि आमाहरुले ।

➢ **दुर्गा घिमिरे, बेलारी सिन्धुली**

खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि
प्रदेशखबर
www.epradeshkhabar.com
Email: sandeshjanapriya@gmail.com

ताजा दुध, दही, घिउ पनिर र खुवाका लागि हामीलाई संझनुहोस ।

कमलामाई डेरी प्रा.लि सिन्धुली
माझीटार,सिन्धुली (शिक्षा समन्वय कार्यालयसंगै) PHONE NO.- 9843354289

**एउटा अधाएको व्यक्तले भोको मानिसको आवश्यक्तालाई कहिल्यै बुझ्न सक्तैन । – कार्ल मार्क्स**

## सम्पादकीय

# भ्रष्टाचारीलाई कारबाही गर

पाकिस्तानी पूर्व राष्ट्रपति इमरान खान भ्रष्टाचारको अपराधमा जेल गए । अन्य देशका भ्रष्टाचारीहरू कारबाहीमा पर्छन् वा दण्डित हुन्छन् । तर नेपालमा किन दण्डित हुँदैनन् भनेर प्रश्न उठ्न थालेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको रिपोर्टमा सबभन्दा बढी भ्रष्टाचार हुने देशको अग्र स्थानमा नेपाल पनि पर्छ । नेपाल भ्रष्टाचारको कालोसूचीमा परेको छ । तर, त्यो अनुसार यहाँ कारबाही भएको पाइँदैन । यहाँ त भ्रष्टाचारको छानबिन गर्दागर्दै मुद्दा नै सेलाउँछ । कारबाहीनैं गरे पनि मुख्य मुख्य मानिसहरू पर्दैनन् । त्यसैले भ्रष्टाचारनैं  ती दलहरूको संलग्न छन् भन्ने शंका अहिले नेपाली नागरिकहरुले गरिरहेका छन् । सीआईबीले बनाएको रिपोर्टमै राज्यले छानबिनमा विभेद गरेको प्रस्ट हुन्छ । वास्तवमा भ्रष्टाचारी हरू जुनसुकै दल वा समूहका हुन्, जुनसुकै तहका हुन्, कारबाहीमा पर्नुपर्छ । भ्रष्टाचारीहरू समाजका अपराधीहरू हुन्, समाजका कलंक हुन्; विकासमा बाधा पुऱ्याउने देश द्रोहीहरू हुन् ।

व्यापक भ्रष्टाचार र अनियमितता भएकै कारण देशमा विकास नभएको हो । पदको दुरूपयोग गरी अकुत पैसा कमाउनकै निम्ति सांसदहरू किनबेच भएको, मन्त्री र सांसदहरू एउटा पार्टी छोडेर अर्को पार्टीमा लागेको कुरा विगतको इतिहास छ । कानुन सबैलाई लाग्छ । कानुनमा भ्रष्टाचारमा संलग्न ठूला मान्छेले छुट या मुक्ति पाउने र साना मान्छेले सजाय पाउने भन्ने कुरा लेखिएको हुँदैन । सन्दर्भ ललिता निवास, भुटानी शरणार्थी, सुन काण्डको मात्र होइन, यस्ता कुनै पनि आपराधिक प्रकरणका मुद्दामा दोषीहरू सजातगी हुनुपर्छ । यहाँ त भ्रष्टाचारीहरू होइन भ्रष्टाचारको विरोध गर्ने, भ्रष्टाचारको विरोधमा आन्दोलन गर्ने भ्रष्टाचार विरोधीहरू कार बाहीमा पर्न थाल्ने संकेतहरु देखिँदैछ ।

दक्षिण कोरिया पनि भ्रष्टाचार बढी हुने देशमा पर्छ । त्यहाँका पूर्व राष्ट्रपतिहरूसमेत भ्रष्टाचारको कारबाहीमा परेको इतिहास छ । भारत पनि बढी भ्रष्टाचार र अनियमित हुने देश हो । त्यहाँ पनि मन्त्री र सांसदहरू भ्रष्टाचारको कारबाहीमा परेका छन् । तर, जति कारबाहीमा पर्नुपर्ने हो त्यति परेको देखिँदैन । दक्षिण कोरिया र भारत पुँजीवादी देश भएको हुँदा शासकहरूले भ्रष्टाचारीहरूलाई सुरक्षा गरेका हुन्छन् । क्युवा र प्रजग कोरिया भ्रष्टाचार नहुने देशमा पर्छ । कसैले भ्रष्टाचार गरेमा त्यहाँ कारबाही हुन्छ । तर, कति राजनीतिक विश्लेषक र लेखकहरू क्युवा र प्रजग कोरियालाई एकलकाँटे देशको रूपमा हेर्छन्; त्यो उनीहरूको दृष्टिदोष हो । लेखक र राजनीतिक विश्लेषकहरूले त साम्राज्यवादी संयुक्त राज्य अमेरिकाले दशकौँ देखि क्युवा र प्रजग कोरियामा गरिरहेको आर्थिक नाकाबन्दीको विरोध गर्नुपर्ने हो; नाकाबन्दी फिर्ता लिन लगाउन आ-आफ्नो ठाउँबाट आन्दोलन गर्नुपर्ने हो, दबाब दिनुपर्ने हो ।

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालका पूर्वअध्यक्ष भरत थापा भन्छन्, भ्रष्टाचारले मुलुक नै डुबाउन लाग्यो । भ्रष्टाचारलाई राजनीतिक चस्माले हेर्न थालेको छ । कुर्सीकै कारण बलियोलाई बचाउनुपर्ने कुरा आउँदो रहेछ । हुन पनि यहाँ भ्रष्टाचार र अनियमितता फाटफुट होइन अति भएको छ, भ्रष्टाचार र अनियमितताले देशै दुर्गन्धित भएको छ । तर, पनि शासकहरूलाई अलिकति पनि लज्जाबोध नहुनु दुर्भाग्य हो ।

# मंगल ग्रहमा ७ हजार किलो मानव फोहोर!



मानिसजातिले मंगल ग्रहमा पहिलो पटक आँखा राखेपछि, यसले सधैं मानिसको ध्यान खिचेको छ ।

करिब ५० वर्षअघि मानवले मंगल ग्रहको खोजी गर्न थालेको थियो र २०३० सम्ममा नासाले पहिलो पटक त्यहाँ मानव मिसन पठाउने आशा राखेको छ।

मानवले मंगल ग्रहमा पाइला टेक्न अझै धेरै टाढा भए पनि रातो ग्रहलाई फोहोर फाल्ने र यसलाई पृथ्वीजस्तै बनाउने प्रयासमा हामी पछि परेका छैनौं ।

वेस्ट भर्जिनिया युनिभर्सिटीमा रोबोटिक्समा पोस्टडक्टोरल रिसर्च फेलो काग्री किलिकका अनुसार 'मानिसहरूले गरेको साहसिक रोबोट अन्वेषणले रातो ग्रहमा ७ हजार ११८ दशमलब ६ किलोभन्दा बढी मानव फोहोर छोडिसकेको छ।' यो अनुमानमा पुग्नको लागि सबै मार्स रोभर र अर्बिटरहरूको द्रव्यमान विश्लेषण गरिएको थियो।

संयुक्त राष्ट्र संघको बाह्य अन्तरिक्ष मामिला कार्यालयका अनुसार विभिन्न राष्ट्रहरूले १४ वटा विभिन्न अभियानमा मंगल ग्रहमा १८ मानव निर्मित अन्तरिक्ष यान पठाएका छन् ।

नासाले सन् २०२२ को अगस्टको मध्यमा पर्सेभेरेन्स मार्स रोभरले अवतरणपछि फ्याँकिएको फोहोरको टुक्रा फेला पारेको घोषणा गरेको थियो । अनुसन्धानकर्ताहरूले मंगल ग्रहमा फोहोर फेला पारेको यो पहिलो पटक होइन। त्यहाँ फोहोर को फोहोर पर्याप्त मात्रामा रहेको बताइएको छ।

# सर्रे अम्बास सचिवालय बैठकको निश्कर्ष
# नेकपा (एमाले) कम्युनिष्ट आन्दोलनको 'मूल प्रबाह' बन्यो

नेकपा एमालेको सचिवालय बैठक आठ बुँदे बिशेष प्रस्ताव पारित गर्दै सकिएको छ । जननेता मदनकुमार भण्डारीलाई महासचिव चयन गरेको सिराहाको धनगढीमाई नगरपालिका-४, सर्रे अम्बासमा बसेको बैठकले आठ बुँदे बिशेष प्रस्ताव पारित गरेको हो । बैठकले पारित गरेको प्रस्तावलाई एमालेले दृढतापूर्वक कार्यान्वयनमा लैजान सक्छ ? भन्ने आम जनचासोका बीच सर्रे अम्बास बैठकले पारित गरेका निर्णयहरुलाई हामीले पूर्ण पाठका रुपमा यहाँ प्रस्तुत गरेका छौं ।

पारित प्रस्तावहरु देहायबमोजिम छन् : नेपाल कम्युनिष्ट पार्टी (एमाले) (तत्कालीन नेकपा- माले)द्वारा आयो जित नेपाल कम्युनिष्ट पार्टीको चौथो राष्ट्रिय महाधिवेशन २०४६ साल भदौ ९ देखि १४ सम्म सिराहाको विष्णुपुर कट्टी, सर्रे अम्बास (हाल धनगढीमाई नगरपालिका, वडा नं. ४) मा सम्पन्न भएको थियो । निरंकुश राजतन्त्र र पञ्चायती तानाशाही शासन व्यवस्था को चरम दमनको त्यस प्रतिकूल अवस्थामा देशभित्र, श्रमजीवी जनता हरुको आश्रय, संरक्षण र सुरक्षामा आयोजना गरिएको त्यस महाधिवेशनको ऐतिहासिक महत्व छ । भदौ ९ गते चौथो राष्ट्रिय महाधिवेशन आरम्भ भएको दिन हो । महाधिवशेन सम्पन्न भएको ३५ औं बर्ष प्रवेशको सन्दर्भ पारेर आज २०८० साल भदौ १३ गते नेकपा (एमाले) केन्द्रीय सचिवालयको विशेष बैठक महाधिवेशन आयोजना गरिएको सोही स्थान र उही हलमा सम्पन्न भएको छ ।

बैठकले चौथो राष्ट्रिय महाधिवेशनको ऐतिहासिक भूमिका, महाधिवेशनबाट महासचिवमा निर्वाचित कमरेड मदन भण्डारी र तत्कालीन सन्दर्भ समेतलाई सम्मान साथ स्मरण गर्दछ र यसको भावनालाई आत्मसात गर्ने प्रतिबद्धता व्यक्त गर्दछ:

१. तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माले) द्वारा आयोजित नेपाल कम्युनिष्ट पार्टीको चौथो राष्ट्रिय महाधिवेशन नेपाली कम्युनिष्ट आन्दोलनको एउटा विशिष्ट र ऐतिहासिक परिघटना थियो । २०१९ सालमा आयोजित तेस्रो राष्ट्रिय महाधिवेशनपछि विभाजित र विखण्डित हुँदै क्षतविक्षत अवस्थामा पुगेको कम्युनिष्ट आन्दोलनलाई जगै देखि पुनर्गठन, पुनर्निर्माण रक्रान्तिकारी धारमा एकताबद्ध बनाउनेप्रयासस्वरुप सुरु भएको झापा आन्दोलन, त्यसको प्रकाशमा को-अर्डिनेशन केन्द्रको गठन र नेपाल कम्युनिष्ट पाटी (माले)को गठन आफैमा आन्दोलनको पुनर्जीवनका कोसेढुगाहरु थिए । दर्जनौं क्रान्तिकारी समूहहरुलाई एकताबद्ध पार्दै मुलुकको मुख्य कम्युनिष्ट शक्तिका रुपमा स्थापित नेपाल कम्युनिष्ट पार्टी (माले) द्वारा आयोजना गरिएको नेपाल कम्युनिष्ट पार्टीको यस ऐतिहासिक महाधिवेशनले झण्डै ३० वर्ष अगाडि टुटेको कम्युनिष्ट आन्दोलनको कडी लाई जोड्ने काम गर्यो । हामीले महाधिवेशनलाई 'नेकपा (माले) को महाधिवेशन' नभई 'नेकपाको चौथो महाधिवेशन' नामाकरण गर्नुको मुख्य उद्देश्य पनि यही टुटेको कडीलाई जोड्दै कम्युनिष्ट आन्दोलनलाई एकता बद्ध गर्नु थियो । महाधिवेशनबाट पारित प्रस्तावमा भनिएको छ- महाधिवेशन नेपाल कम्युनिष्ट पार्टीको पहिलो र दोस्रो राष्ट्रिय महाधिवेशन तथा सन् १९६२ मा केशरजङ्ग रायमाझी गुटका विरुद्ध संघर्ष गर्दै सम्पन्न भएको तेस्रो राष्ट्रिय महाधिवेशनको वैधानिकतालाई मान्यता प्रदान गर्दछ र हाम्रो पार्टीलाई नेपाल कम्युनिष्ट पार्टीभित्रको क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी धाराको पुनर्स्थापना र विकासको अनिवार्य परिणामका रुपमा मूल्याङ्कन गर्दछ ।' त्यो निर्णय कति दूरदर्शी र सही थियो भन्ने कुरा २०४७ पुसमा भएको नेकपा (माले) र नेकपा (मार्क्सवादी)को एकीकरण, २०५० मा तेस्रो राष्ट्रिय महाधिवेशनबाट महासचिवका रुपमा निर्वाचित कमरेड तुल्सीलालले नेतृत्व गर्नुभएको समूहसँगको एकीकरण लगायतका घटनाक्रमले पुष्टि गर्छन् । यिनै ऐतिहासिक मोडहरु हुँदै अगाडि बढेको नेकपा (एमाले)ले आज नेपाली कम्युनिष्ट आन्दोलनको मुख्य शक्ति, मूलप्रवाह र सही क्रान्तिकारी धारको प्रतिनिधित्व गर्छ ।

२. यस महाधिवेशनबाट कमरेड मदन भण्डारीको प्रस्तावमा नेपाली क्रान्तिको विशिष्ट कार्यक्रम पारित गर्दै इतिहासमा पहिलोपल्ट 'बहुदलीय जनवादी शासन प्रणाली स्थापना गर्ने' सङ्कल्प गरिएको थियो । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा उत्पन्न ठूला विवादहरुको पृष्ठभूमि, कम्युनिष्ट पार्टी हुनका लागि त्यसले हिंसात्मक बाटो र जनवादी (या सर्वहारा) अधिनायकत्वको अवधारणा बोकेकै हुनुपर्ने जस्तो गरेर स्थापना गरिएका कतिपय गलत सङ्कथनहरु र कम्युनिष्ट आन्दोलन जडसूत्रवाद तथा विसर्जनवादको चुनौतीबीचबाट गुज्रिरहेको बेला निकालिएको यो निष्कर्ष आफैमा ऐतिहासिक महत्वको थियो । यस पार्टीमा २०३७ साल र त्योभन्दा अघिदेखि सञ्चालित विचार धारात्मक बहसको वस्तुनिष्ठ संश्लेषण तथा सही निष्कर्ष थियो । यसले नेपाली क्रान्तिको आफ्नै मौलिक, सिर्जनात्मक तथा विशिष्ट बाटोको दिशानिर्देश गरेको थियो ।

चौथो राष्ट्रिय महाधिवेशनको यसै निष्कर्षलाई अझ मूर्त, व्यापक र सैद्धान्तिकीकृत गर्दै २०४९ सालमा सम्पन्न पाँचौं राष्ट्रिय महाधिवेशन बाट हामीले नेपाली क्रान्तिको मौलिक कार्यक्रमका रुपमा 'जनताको बहुदलीय जनवाद' पारित गर्यौं, जुन आज नेपाली विशिष्टतामा मार्क्सवादको सिर्जनात्मक प्रयोग तथा नेपाली क्रान्तिको मौलिक सिद्धान्तका रुपमा स्थापित छ । गएका ३० वर्षका व्यवहारिक परीक्षणका क्रममा यस सिद्धान्तको सच्चाइ बारम्बार पुष्टि भएको छ र यसले नेपाली कम्युनिष्ट आन्दोलनलाई मात्रै होइन, सिङ्गो नेपाली समाजलाई सही दिशाबोध र मार्गदर्शन गरेको छ । जबजको विजारोपण गर्ने महाधिवेशनका रुपमा चौथो राष्ट्रिय महाधिवेशनको ऐतिहासिक महत्व छ ।

३. चौथो महाधिवेशनले कमरेड मदन भण्डारीलाई सर्वसम्मत रुपमा महासचिव निर्वाचित गरेको थियो । त्यसो त २०३० को दशकको उत्तरार्द्ध देखि नै वैचारिक नेताको रुपमा कमरेड मदन भण्डारीको पार्टीमा गहिरो छाप पर्न सुरु भइसकेको थियो । नेपाली समाजको प्रधान अन्तरविरोध के हो ? नेपाली क्रान्तिको मौलिक कार्यक्रम कस्तो हुनुपर्छ र यसका आम तथा विशिष्ट पक्षहरुबीचको अन्तरसम्बन्ध के हो ? राजनीतिक स्वतन्त्रता र पार्टी स्वतन्त्रताका अर्थ, महत्व र सीमाहरु के हुन् ? जनमत सङ्ग्रहको घोषणालाई कसरी हेर्ने र यससम्बन्धी कस्तो नीति अवलम्बन गर्ने ? संघर्षका मुख्य स्वरुप र संगठनका मुख्य चरित्र कस्तो हुनुपर्छ ? कम्युनिष्ट पार्टीले प्रजातन्त्र र मानव अधिकारसम्बन्धी कस्तो दृष्टिकोण लिनुपर्छ र यसको अगुवाइ कसरी गर्नुपर्छ ? आन्दोलनको मञ्चका रुपमा पञ्चायती निर्वाचन र निकायहरुको उपयोग गर्न सकिन्छ/सकिन्न ? जस्ता अनेकौं गम्भीर वैचारिक-राजनीतिक प्रश्नहरुमा उहाँले पार्टीलाई सही मार्गदर्शन गरिरहनुभएको थियो । त्यसैले महाधिवेशनबाट महासचिवका रुपमा उहाँको चयन स्वाभाविक, सही र दूरदर्शी निर्णय थियो । मदन भण्डारीजस्ता मेधावी, नवीन विचारक र लोकप्रिय नेतालाई महासचिव चयन गर्ने चौथो राष्ट्रिय महाधिवेशनको निर्णयको विशेष महत्व छ ।

४. महाधिवेशनले निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाहीका विरुद्ध 'जनवाद, जनजीविका र राष्ट्रियताका न्यूनतम् साझा सवालहरुमा एकजुट हुन र राष्ट्रव्यापी रुपमा संयुक्त जनआन्दोलन को उभार सिर्जना गर्न' देशमा विद्यमान सबै वामपन्थी तथा गैरवाम पन्थी शक्तिहरुलाई आह्वान गर्यो । त्यस नीति र आह्वानलाई व्यवहार मा सार्थक तुल्याउनु सहज थिएन, तर पार्टीले त्यस सम्बन्धमा ठोस पहल पनि गर्यो । महाधिवेशनबाट पारित संयुक्त जनआन्दोलनको यसै कार्यदिशाका आधारमा लगत्तै संयुक्त वाममोर्चाको गठन भयो, नेपाली कांग्रेससँग सहकार्य र संयुक्त मोर्चाको निर्णय भयो र २०४६ साल फागुन ७ गतेबाट सुरु भएको ऐतिहासिक जनआन्दोलनले ५१ दिन लामो कठोर र बलिदानी संघर्षपश्चात् राजतन्त्रको निरङ्कुशता र पञ्चायती तानाशाहीको अन्त्य गऱ्यो । यसरी महाधिवेशनले कमरेड पुष्पलालले दशकौं अगाडि प्रस्ताव गर्नुभएको तर नेपाली कांग्रेसका गलत सोचका कारण कार्यान्वयन हुन नसकेको संयुक्त जनआन्दोलनको कार्यदिशालाई मूर्तरुप दिने र कार्यान्वयन गर्ने ऐतिहासिक अभिभारा सम्पन्न गर्यो । ३० वर्ष लामो पञ्चायती तानाशाहीको अन्त्य गर्न संयुक्त जनआन्दोलनको जग बसाल्ने र पार्टीलाई संयुक्त आन्दोलनको वैचारिक नेताको रुपमा स्थापित गर्ने ऐतिहासिक मञ्चका रुपमा चौथो राष्ट्रिय महाधिवेशनको युगीन महत्व छ ।

५. चौथो राष्ट्रिय महाधिवेशनले नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महा-सचिव कमरेड पुष्पलालले आफ्नो जीवनकालमा पार्टी र क्रान्तिलाई अघि बढाउन दिनुभएका सकारात्मक योगदान हरुको उच्च मूल्याङ्कन गर्यो र उहाँप्रति हार्दिक सम्मान प्रकट गर्यो । नेपाली कम्युनिष्ट आन्दोलनमा विभाजन आएसँगै इतिहासलाई निषेध गर्ने, त्यसको अवमूल्यन गर्ने र पार्टीका संस्थापकसहित अन्य नेताहरुलाई कतिपय विषयमा असहमति भएकै आधारमा अपमान, निन्दा र विरोध गर्ने जस्ता अपसंस्कृतिहरु पनि देखापरेका थिए । यस्तै अपसंस्कृति, सङ्कीर्णता र गुटगत मान्यताको शिकार कमरेड पुष्पलाललाई पनि बनाइएको थियो । उहाँलाई लाञ्छित गर्ने र उहाँका यो गदानहरुलाई अस्वीकार गर्ने प्रवृत्ति विभिन्न समूहमा देखापरेको थियो । महाधिवेशनले यस्ता प्रवृत्तिहरुलाई अस्वीकार गर्दै नेपाली कम्युनिष्ट आन्दोलनमा पुष्पलालका योगदानहरु लाई पुनर्स्थापित गर्ने अत्यन्त महत्वपूर्ण निर्णय गरेको थियो ।

६. महाधिवेशनले कमरेड माओत्सेतुङले दिनुभएका योगदानहरु र चिनियाँ क्रान्तिका अनुभवहरुबाट सिक्ने तर मार्गदर्शक सिद्धान्तका रुपमा भने माओत्सेतुङ विचारधारालाई कायम नराख्ने निर्णय गऱ्यो । यो निर्णय नेपाली क्रान्तिलाई आफ्नै यथार्थ धरातलमा उभ्याउने, आन्दोलनलाई कुनै पनि विदेशी अनुभवहरुको यान्त्रिक अन्धानुकरण र नक्कलबाट मुक्त गर्ने, मार्क्सवादको सिर्जनात्मक प्रयोगबाट क्रान्ति तथा समाजवाद निर्माणको आफ्नै मौलिक बाटो अन्वेषण गर्ने सन्दर्भमा अत्यन्त महत्वको निर्णय थियो ।

७. अत्यन्त कठिन र प्रतिकूल परिस्थिति का माझ, भूमिगत रुपमा आयोजना गरिएको भए पनि महाधिवेशनमा जनवाद र पार्टीको आन्तरिक लोकतन्त्र को उच्चतम् अभ्यास गरिएको थियो । सबै प्रतिनिधिहरुका लागि यो आफ्नो जीवनको पहिलो राष्ट्रिय महाधिवेशन थियो, पहिलो अनुभव थियो । तर सबै प्रतिनिधि जीवन्त बहसमा सहभागी हुनुभयो । अनेकौं प्रश्नमा बहसमात्रै भएनन्, मार्गदर्शक सिद्धान्त, मूल कार्यनीतिक नारा तथा विभिन्न र ाजनीतिक शक्तिहरुका वर्ग-चरित्र सम्बन्धमा मतदान समेत भयो । आफ्ना मतहरु मतदानका क्रममा पराजित भए पनि विचार प्रस्तोता कमरेडहरुले अनुशासन, पार्टी गोपनीयता र महाधिवे शनका निर्णयहरुप्रतिको प्रतिबद्धता उदाहरणीय रहेको थियो ।

८. २०१७ सालमा राजा महेन्द्रले पार्टीहरुमाथि प्रतिबन्ध लगाउँदै निर्दलीय र निरंकुश शासनसत्ता थोपरे पछि देशभित्र पार्टी गतिविधिहरु आयोजना गर्न कति कठिनाइ थियो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । सयौं नेताहरु गिरफ्तार भएर बन्दीजीवन बिताउन बाध्य भएको, दर्जनौं नेताहरु निर्वासित भएको, सयौं-सय नेता-कार्यकर्ताहरुले कष्टकर भूमिगत जीवन जिउन बाध्य भएको र पार्टी संगठन त परको कुरा, जनसंगठनहरु, सामुदायिक संगठनहरु र सरोकारवाला संगठनका गतिविधिहरुमा समेत कडाइका साथ रोक लगाइएको त्यो कालखण्ड असाध्यै प्रतिकूल कालखण्ड थियो । जेल सार्ने निहुँमा राजनीतिक बन्दीहरुको हत्या गरिनु, बाटोमा जम्काभेट भएका राजनीतिक नेताहरुलाई क्रूरतापूर्वक मारिनु र शान्तिपूर्ण आन्दोलनमा समेत बर्बर दमन गरिनु आमघटना जस्तै थिए । त्यसैले विभाजित कम्युनिष्ट आन्दोलनका कुनै पनि समूह र अन्य राजनीतिक पार्टीहरुले समेत देशभित्र यस तहको राजनीतिक मञ्चको आयोजना गर्ने परिकल्पना नै नगरेको त्यस प्रतिकूल अवस्थामा नेकपा (माले)ले जनताको आश्रय, संरक्षण र मायाका बीच जुन ऐतिहासिक महाधिवेशन आयोजना गर्यो, त्यो आफैमा अद्वितीय र पार्टी तथा जनताबीचको अन्योन्याश्रित सम्बन्धको अनुपम नमूना थियो । श्रमजीवी जनता नै पार्टीका मुख्य आधार हुन्, तिनीहरु नै पार्टीको ऊर्जाका स्रोत हुन् र हरेक संकटबाट पार्टीलाई संरक्षण गर्ने सामर्थ्य उनीहरुमा छ भन्ने कुरा त्यस भेगका श्रमजीवी जनताहरुले प्रदर्शित गरेका छन् । जनताबाट प्रदर्शित त्यस माया, सुरक्षा र आश्रय आज पनि हाम्रा लागि प्रेरणाको स्रोत रहेको छ ।

चौथो महाधिवेशन सम्पन्न भएको आज ३४ वर्ष व्यतित भएको छ । मुलुकको राजनीतिमा पनि ठूला परिवर्तनहरु भएका छन् । मुलुक त्यतिबेला विद्यमान पञ्चायती तानाशाही र राजतन्त्रलाई समाप्त पार्दै लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ । जनताका प्रतिनिधिले बनाएको संविधानबाट सञ्चालित छ । जनताका अधिकारहरु संविधानमा संरक्षित छन् । त्यतिबेलाको प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टी आज देशकै मुख्य राष्ट्रिय शक्तिका रुपमा स्थापित भएको छ । जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न बाँकी नै छ । राष्ट्रियतालाई सुदृढ गर्ने हाम्रो अभियान जारी नै छ ।

पछिल्ला समय राष्ट्रिय राजनीतिमा अवसरवाद र अराजकता चुनौती बनेर तेर्सिएका छन् । समाज र राजनीतिमा देखापरेका विकृति, विसंगती, भ्रष्टाचार, राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरण एवं अस्थिरताले हाम्रो आन्दोलनमाथि नयाँ चुनौती थपिदिएको छ । यतिबेला जनताले भोग्नुपरिरहेका कष्टहरुप्रति पार्टी गम्भीर छ र स्थितिमा परिवर्तन ल्याउन पनि गम्भीरताका साथ प्रयत्नशील छ । यस्तो स्थितिमा बसेको केन्द्रीय सचिवालयको यो बैठक चौथो राष्ट्रिय महाधिवेशनका ऐतिहासिक योगदानको उच्च मूल्याङ्कनसहित स्मरण गर्दछ, महाधिवेशनबाट महासचिवमा निर्वाचित कमरेड मदन भण्डारीका योगदान हरुप्रति गर्ब गर्दछ र जनता तथा पार्टीबीचको घनिष्ट सम्बन्धलाई अझ प्रगाढ बनाउने संकल्प गर्दछ । यस ऐतिहासिक स्थललाई मुक्तिकामी जनता र प्रगतिशील शक्तिहरुको भावना र संकल्पलाई प्रेरित गर्ने पर्यटकीय गन्तव्य बनाउन यहाँका जनतासँग मिलेर, उहाँहरुकै चाहनाल अनुरुप विभिन्न पूर्वाधारका कामहरुलाई अगाडि बढाउने प्रण गर्दछ ।

**–राजेन्द्र गौतम,**
**प्रमुख केन्द्रीय प्रचार तथा प्रकाशन विभाग**

# शान्ति संझौता पछिका अपराधमा आममाफी हुन्न: बस्नेत

**सिन्धुली/** नेकपा एमालेका पोलिटव्युरो सदस्य तथा युवा संघ इन्चार्ज महेश बस्नेतले फेरी पनि माओवादी केन्द्र र समाजवादीसँग मिलाउने प्रयास गरिएको भन्दै आपत्ती जनाएका छन् । केही व्यक्तिहरुले फेरी पनि गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई बालकोट पुऱ्याउन खोजिरहेको बताउँदै यदी त्यसो गरिए एमाले पार्टीनैं समाप्त हुने बताए । प्रेस चौतारी नेपाल सिन्धुलीद्धारा आयोजित पत्रकार भेटघाटमा नेता बस्नेतले सो कुरा बताएका हुन् । उनले अझैं पनि माओवादीकेन्द्रका नेता प्रचण्ड र माधव नेपाललाई एमालेमा मिसाउने प्रयास गरिरहनु भएको छ, त्यो सपना नदेख्न म उहाँहरुलाई आग्रह गर्छु, यदी उहाँहरु जर्वजस्ती बालकोट प्रवेश गर्ने प्रयत्न गर्नुहुन्छ भने हामीले त्यहाँबाट लेखेट्ने चेतावनी दिए । जसले प्रचण्ड र नेपाललाई एमालेमा मिलाउने प्रयास गरिरहेका छन्, उनीहरुले एमालेलाई



सिध्याउन चाहान्छान्, हामी त्यसो हुन दिन्नौं, नेता बस्नेतले भने ।
आफ्नो सिन्धुलीसँग विषेश प्रकारको सम्वन्ध रहेको बताउँदै यहाँ आउनासाथ पुरानो घट्ना याद आइहाल्छ, म त्यो कहाली लाग्दो अपराधिक घटना र त्यसका नाइकेलाई संझिहाल्छु, माओवादी केन्द्रका नेता एवम् प्रतिनिधीसभा सदस्य राजन दाहालतर्फ लक्षितगर्दै उनले भने । संवाददाताहरुद्धारा सोधिएको प्रश्नको जवाफ दिने क्रममा उनले शान्ति संझौता पछिको फौजदारी अपराधको घटनामा राजन दाहाल जेल जाने बताए ।
रामेछाप इन्चार्ज भएका बेला उनले एमालेका तत्कालीन नेता देवशंकर पौडेललाई भिरबाट लडाएर हत्या प्रयास गर्ने, कालोमोसो दलेर दुर्व्यवहार गर्ने, ईश्वर पोखरेल पशुपति चौलागाई लगायतका नेतालाई तामाकोशीमा खसाल्न भिरबाट ढुंगा लडाउने, रातामाटेमा हाम्रो एक लाख रुपैया लुटेर हाम्रो कमरेड केशव देवकोटालाई अपहरण गर्ने राजन दाहाल एकदिन जेलको कालकोठरीमा जाने ठोकुवा गरे । हेरिराख्नु होला पछिल्लो समय एमालेविरुद्ध पुनः आक्रामक बनेर नेताहरुमाथि आरोप लगाइरहेका दाहाललाई कुनै हालतमा नछोडिने उद्घोषसमेत गरे । सिन्धुलीको रातामाटे घटना स्मरण गर्दै उनले आफ्नो औंला भाँचिदिएको र नक्कली दाँत हालेर हिँडेको पत्रकारहरुलाई देखाए । बस्नेतले राजन दाहालमात्र नभएर प्रचण्ड पनि जेल जाने दाबी गरे । अहिले भ्रष्टाचारका फाइल खोल्ने भन्दै माधव नेपाल र माओवादीका नेताहरुलाई सफाइ दिएर हिँडेका प्रचण्ड आफ्नै गल्तिका लागि जेल जाने दावी गरे ।
उनले एक जना ठेकेदारको १ करोड रुपैयाँ दाहालले लुटेर लगेको आरोप लगाए । राजनीतिमा अपराधिकरण बढाएर भएका घटनाहरुको छानबीन गरौं र दोषीहरुलाई कारबाही गरौ भनेर हामीले पटक पटक भनेका छौं, त्यो गर्न स्वयमं सरकार तयार नभएको उनले खुलासा गरे ।
पार्टीको विकल्पमा आएका स्वतन्त्रहरु कहिल्यै पनि बिकल्प बन्न नसक्ने बताउँदै नेता बस्नेत भनेका छन्: हाँस्य कलाकारलाई युक्रेनी जनताले राष्ट्रपति बनाए, उनी साम्राज्यवादीको गोटी बने र अहिले त्यहाँका जनता रोएर बसिरहेका छन् । रवि, बालेन, हर्क र इमरानहरु जेलेन्स्की जस्तै थिए, रवि लामिछानेले गरेको भन्दा बढी स्टण्डबाज त इमरानले गरेका थिए, उनी केही कुरामा कमी थिएनन् तर सामाजिक सुरक्षाको अर्बौ रकम घोटाला गरेको केसमा इमरान ३ वर्ष जेल गए । त्यसैले त्यस्ता इष्टण्डवाजहरु धेरै समय टिक्ने छैनन् ।
बस्नेतले प्रहरी र राजश्वका हाकिमहरु घुस खाएर राखेकै कारण पछिल्लो समय राजस्व एक तिहाईमा घटेको बताए । केपी ओलीले सरकारको नेतृत्व गर्दा एक सय दश प्रतिशत बढेको राजस्व प्रचण्डले नेतृत्व गर्नासाथ एक तिहाईमा झरेको छ । प्रहरी र भन्सार हामिक मिलेर अबैध च्यानलबाट सामान लगिरहेको छ, यी सबै हुनुको मुख्य कारण राजनैतिक भ्रष्टिकरण र अपराधिकरणनैं मुख्य रहेको र यसलाई नियन्त्रण नगरेसम्म अर्थतन्त्रमा सुधार नआउने उनको भनाई थियो ।





## डेंगी ज्वरो
(Dengue Fever)

### परिचय
डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो । डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ ।

### लामखुट्टेले टोक्ने समय
एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ ।

### लामखुट्टे वृद्धि विकास हुने स्थान
एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, डल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।



### लक्षणहरु
डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसंगै निम्न लक्षणहरु देखापर्छन् :
- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा बिबिरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि/ वान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो ।

### डेंगी ज्वरोको उपचार
- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन । यो आफै निको हुन्छ ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्प्रिन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने ।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, वृद्धवृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विषेश ध्यान दिनु पर्छ ।

### बच्ने उपाय
डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झयाल ढोकामा जाली लगाउने ।

### लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने:
- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि बिसर्जन गर्ने,

**लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो ।**

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।

**गोलन्जोर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिन्धुली**


# युवा संघको पदाधिकारी चयन स्थगन



**सिन्धुली/** नेकपा(एमाले) निकट युवा संघ नेपाल सिन्धुलीको ९ औं जिल्ला अधिवेशन सर्वसम्बत रुपमा नेतृत्व चयन गर्न नसक्दा स्थागित भएको छ ।
गत आईतबार नेकपा(एमाले)का पोलिटब्यूरो सदस्य महेश बस्नेतले उदघाटन गर्नुभएको अधिवेशनले सर्वसम्मत रुपमा सदस्यहरु चयन गरेपनि पदाधिकारी चयनमा सर्बसम्मती हुन नसकेपछि केही दिनका लागि स्थगन गरेको छ ।
निर्वाचन कार्यतालिका प्रकाशन पश्चात उम्मेदवारी समेत दर्ता भै सकेको अवस्थामा बिवाद उत्पनन् भएपछि अधिवेशन स्थगित गरिएको हो ।
विशेषत अध्यक्ष, उपाध्यक्ष र सचिब पदमा सहमति हुन सकेको थिएन । अध्यक्षमा मिजास कार्की, अरुण पाखीन र दिपक माझीले उम्मेदवारी दर्ता गराएका थिए भने उपाध्यक्षमा प्रकाश रायमाझी, पोष्टराज काफ्ले र किरण बुढाथोकीले उम्मेदवारी दर्ता गराएका थिए ।
यस्तै सचिवमा श्रवण नेवा खड्गी, छवि पाखिन र शिव बरालको उमेदवारी परेको थियो । सहसचिवमा मिलन दर्लामी अरुण कुमार शाह र कोषाध्यक्षमा प्रमोद भुजेल, लक्सना बरालको उमेदवारी परेको थियो ।
युवा संघको ५१ जना सदस्य निर्विरोध निर्वाचित भएका छन । कमलामाई नगरपालिका र दुधौली नगरपालिकाबाट ३/३ जना महिला सहित ८/८ जना सदस्य निर्वाचित भएका हुन । यस्तै जिल्लाका सात गाउँपालिकाबाट २/२ जना महिला सहित ५/५ जना सदस्यहरु निर्वाचित भएका छन ।
निर्वाचनको कार्यक्रम सुरु भईसकेको अवस्थामा प्रतिनिधीहरुबाट मतपेटिका फुटाउने तथा प्रकाशित नामावलीहरु च्यात्ने काम भएपछि निर्वाचन समिति तथा अध्यक्षमण्डलले कार्यक्रमलाई स्थगीत गरेको अध्यक्षमण्डलले जनाएको छ ।
नौ बर्ष पछि हुन लागेको युवा संघ सिन्धुलीको ९ औं जिल्ला अधिवेशनमा वडा कमिटी, गाउँपालिका तथा नगरपालिका कमिटी र जिल्ला कमिटी गरी १ सय ८७ जना प्रतिनिधि सहभागी रहेका थिए । कार्यक्रम स्थगीत भएपछि नयाँ नेतृत्व चयनका लागी जम्मा भएका प्रतिनिधीहरु निराश बनेर गाउँ फर्किएका छन ।


**सिन्धुलीमा होलसेल तथा खुद्रा मुल्यमा ताजा तरकारी पाइन्छ ।**

बिवाह होस् वा पार्टी, पिकनिक होस् वा पुजाका लागि कतै जानैं पर्दैन । सिन्धुली जिल्लाकै उत्पादन हामी तपाईको घरमै ल्याइदिन्छौं ।



- बिषादी प्रयोग नगरिएका सागसब्जी
- आलु, लसुन, प्याज, खुर्सानी, हरियो धनियां, टमाटर
- मोटरकोसा, बन्दा, काउली, ब्रोकाउली, कागती, दालहरू



**राकेश तरकारी पसल, तरकारी बजार, सिन्धुली, फोन: ९८४४०९१९७७**

# कमल बुढाथोकीको कथा : दृष्टिदोष

लोग्नेको नजर जतिबेलै मोबाइलमा मात्र एकोहोरिएको देख्दा हिजोआज मलाई औँधी औडाह लाग्न थालेको छ। उनको र मेरो लगनगाँठो बाँधिएको पनि पच्चीस वर्ष बितिसकेको हुँदो हो। यद्यपि दुई पुत्ररत्नका बाबुआमाको भूमिका निर्वाह गर्दैआएका हामी दुईबिच यतिका वर्षसम्म यदाकदा ठाकठुक परेको बाहेक सम्बन्ध चिसिएको महसुस कहिल्यै भएन ।

हाम्रो पहिलो भेटघाट झापाको दमक चोकदेखि करिब चार किलोमिटर उत्तरमा अवस्थित बेलडाँगी शरणार्थी शिविरमा भएको थियो । उनी नेपाली, मचाहिँ शरणार्थीका रूपमा शिविरमा बसोबास गर्ने नेपाली मूलकी आप्रवासी, भुटानी ।

भुटानमा नेपालीभाषी भुटानीहरूलाई नेपाली भाषा, संस्कृति, रीतिरिवाज, परम्परा निर्बाध रूपमा अपनाउने छुट थिएन । राष्ट्रिय भाषा जोङ्खा सरकारी कामकाजी भाषा मात्र नभई अनिवार्य जान्नै पर्ने, बोल्नै पर्ने राष्ट्रिय भाषा थियो । बक्खु र किरा अनिवार्य लगाउनुपर्ने राष्ट्रिय पोसाकका रूपमा लादिएको थियो । राजतन्त्रात्मक निरङ्कुश शासन प्रणालीअन्तर्गत जिग्मे सिग्मे वाङ्चुक, तिनका परिवार र भाइ-भारदारहरूको एकछत्र जहानियाँ शासन चल्थ्यो । प्रजातन्त्र, मानव अधिकार थिएन; जनता रैती थिए । तर पनि शिक्षा, स्वास्थ्यजस्ता आधारभूत तथा महत्त्वपूर्ण विषयमा सरकार जनउत्तरदायी थियो । अर्थात् निःशुल्क सेवासुविधा प्रदान गरिएको थियो । तर न्याय र स्वतन्त्रता थिएन ।

जनतालाई स्वतन्त्रता चाहिएको थियो। त्यसैले शान्ति र न्यायपूर्ण आन्दोलनको शङ्खघोष गरे । आन्दोलनको अगुवाइ नेपालीभाषीले गरे । सरकारले दमन, धरपकडलाई तीव्र पार्‍यो । आन्दोलन निस्तेज पार्न सेना/प्रहरी/सुराकी प्रयोग गरिए । केही नेता निर्वासित हुन बाध्य बनाइए, केही गिरफ्तार गरिए । हत्या, हिंसा, बलात्कार र लुटपाटजस्ता जघन्य आपराधिक गतिविधिहरू मौलाए । अन्ततोगत्वा आन्दोलनमा लामबद्ध नेपाली मूलका भुटानी रैतीहरू लखेटिए । लखेटिनेहरूमध्ये हामी पनि पर्‍यौँ जुन विषयबारे थोरबहुत उसै बेला, बढीचाहिँ शिविरको बाक्लो बस्तीमा हुर्कँदै गएपछि थाहा पाएँ ।

नेपाल सरकारले हामीलाई ओत लाग्ने ठाउँ दियो । नेपालीले अगाध माया दिए । नेपाल सरकारको समन्वयकारी तथा नेतृत्वकारी भूमिका, युएनएचसीआरको मुख्य सहयोगी भूमिका, साथै विभिन्न स्वदेशी तथा विदेशी दातृ निकाय, सङ्घसंस्थाहरूको भौतिक/मानवीय सहयोगले झापाको बेलडाँगी, खुदुनाबारी, टिमाई, सैनिक गोलधाप र मोरङको पथरी-शनिश्चरे गरी पाँच ठाउँमा शिविरहरू खडा गरी हामीलाई बस्ने, खाने, लत्ताकपडा, शिक्षा, स्वास्थ्यको न्यूनतम व्यवस्था गरी राखिएको थियो । हामी शरणार्थी आफ्नो मातृभूमि, घरसंसार, जायजेथा सबै त्याग्नुपर्दाको पीडा सहेर बाँसका छाप्राहरूमा ओत लाग्दै अरूले खटाएर दिएको खाँदै बस्दै र बाँच्दै आएका थियौँ ।

उनी, छिमेकी भाइको दिदी कहाँ आएका रहेछन् । जो शिविरमा बसोबास गर्थिन् । केही दिनअघि उनीमाथि निर्घात कुटपिटको भएको थियो । सोही विषयमा तिनका आफन्तले न्यायका निम्ति सहयोग गरिदिन आग्रह गरेकाले, निर्दोषलाई न्याय र दोषीलाई सजाय दिलाउन भनेर उनी आएका रहेछन् ।

ती दिदीका माइती परिवार (आमाबुबा र एक भाइको परिवार शिविरबाहिरका बस्तीमा, बाँकी चार दाजुभाइलगायत परिवार शिविरभित्र) हाम्रो छाप्रो नजिकै बस्दथे । दिदी र कसुरदार बिचको मामिला झमेला सामसुम पार्ने उद्देश्यले दुई दिन त्यहीँ बस्ने क्रममा उनको र मेरो चिनाजानी भएको थियो ।

त्यसपछि उनको बेलडाँगी आउने-जाने क्रम बाक्लिँदै गयो । आकस्मिक चिनाजानी भेटघाटमा बदलियो । भेटघाटमा अन्तरङ्गका कुराकानी हुन थाल्यो, एकअर्कामा प्रेम र विश्वास गहिरो हुँदै जीवनरूपी रथका दुई पाङ्ग्रा, दुई सन्तानका आमा रूपमा बदलियो । सहयात्रा, अनगिन्ती घुम्ती, आरोह-अवरोह छिचोल्दै अगाडि बढिरहेको थियो । हामीले एकअर्कालाई राम्रोसँग बुझेका थियौँ । त्यसैले होला, विश्वासको खडेरी कहिले परेन हामी दुईबिच ।

प्रेमिल थियो जिन्दगी । यतिका समझदार पति पाएकोमा पुलकित थिएँ म । र, आफूलाई भाग्यमानी नै ठान्थेँ । तर हिजोआज आश्चर्यचकित भएकी छु । काम छाड्नु भएको तीन महिना बितिसक्यो, न अर्को कम्पनीमा काम खोज्ने सुरसार देख्छु न त नोकरीको निश्चित भई प्रतीक्षारत बसेको नै । या त काम सुरु नगरी भन्न जरुरी नठानेर नभनेका हुन्, कुरोको चुरो ठम्याउन सकेकी होइन ।

आफूलाई सत्र कामको चटारो पर्छ । खाना पकाउनु, ख्वाउनुदेखि गाईबाछा र बाख्रालाई घाँसपानी गर्दा गर्दै कतिबेर दिन जान्छ, पत्तै हुँदैन । घरको एक लग काम सघाउन बाहेक हिजोआज जतिखेरै मोबाइलमा मात्र झुत्तिएको देख्दा आश्चर्य नमान्ने कुरै भएन । आजचाहिँ दिउँसो फुर्सदको बेला चियो गर्ने सुर कसेँ । कोहीसँग फेसबुक मेसेन्जरमा बात मारिरहेको अवस्थामा भेट्टाएँ । एकछिन लुकेर सुनेँ । बातचित सामान्य र पाच्य थिए । म एक्कासि ढोकाभित्र छिरेँ । मेरो आकस्मिक उपस्थितिले उनी झस्किए । हताश भावभङ्गीमा मेरो शिरदेखि पाइतालासम्म एकतमासले नजर डुलाए ।

निसङ्कोच मैले प्याट्ट सोधिहालेँ, 'हन, कोसँग कुरा हो यति लम्बेतान ?''सरितासँग ! तिम्रो सहपाठी क्या ?', उनले असजिलो नमानीकन जवाफ फर्काए । फेसबुक र मेसेन्जर लगइन, लगआउट, मेसेज हेर्न, पठाउन, अडियो-भिडियो कल गर्न भर्खर-भर्खरै जानेकी हुँ मैले । त्यो पनि उनकै इच्छाअनुसार, उनैले मेरो फेसबुक अकाउन्ट खोलिदिएका थिए । बेलामौका मात्र चलाइन्थ्यो । त्यो पनि उनकै मोबाइलबाट ।

अमेरिकामा रहनुहुने बुबा, आमा-दिदी, दाजु र भाइसँग कुराकानी गरिन्थ्यो । ठुल्दिदी-भिनाजु सपरिवार क्यानडा हुनुहुन्छ । दाजुभाउजू सहितको एक परिवार अस्ट्रेलियामा । उहाँहरू अलावा आफन्त र साथीसङ्गीहरू प्रायः जसो अमेरिका नै छन् । फुर्सदको सदुपयोग उहाँहरूसँग अन्तरङ्गका कुरा गरेर बितेको भेउ नै पाउँदिनँ । मेरा माइती, मावली, आफन्त र नातागोता सबै उतै छन् । ससुरालीतिरको साइनो-सम्बन्धको लर्कोले उहाँको पनि त्यताकासँग चिनाजानी नहुने कुरै भएन । त्यसैले मेसेन्जर कल गर्दा शङ्का गरिनँ कहिल्यै पनि ।

तर सरितासँगको लुकीछिपी वार्तालापले मनभित्र शङ्काको ज्वारभाटा चल्यो । भयले शरीर शिथिल बन्यो । सरिता मसँगै स्कुल पढ्ने र मिल्ने साथी थिइन् । सुडुलो शरीर, पोक्तारे गाला, काली-काली बान्की परेकी । जब म नेपाली केटासँग लगनगाँठो कसिएर झापाको खुदुनाबारी आएँ । त्यसपछि हाम्रो भेटघाट पातलियो । पछि उनको बिहे भएपछि त झन् आक्कलझुक्कल मात्र भेट हुन थाल्यो । त्यतिबेला अहिलेकोजस्तो मोबाइल, इन्टरनेटको पहुँच विरलैसँग मात्र थियो । यदि त्यो सुविधा हुन्थ्यो त भेटघाट, सम्बन्ध कति रसिलो/कसिलो हुन्थ्यो होला ? कल्पना गरेर दङ्ग पर्छु । उनको बडाबाको घरपरिवार र मेरो कर्म घर नजिकै थियो । हामी असल छिमेकी थियौँ । यद्यपि उनका आफन्त कहाँ आउँदा अनि म माइतीघर जाँदा त्यहाँ पनि चाडबाडमा मात्र सीमित रहन गयो हाम्रो भेटघाट, अन्तरङ्का बातचित औ भलाकुसारी ।आठ वर्षअघि मात्र नेपालमा रहेका शरणार्थी समुदायको तेस्रो मुलुक व्यवस्थापन गर्ने कार्यक्रम कार्यान्वयनसँगै उनी अमेरिका छिरेकी थिइन् । फेसबुकमा चाहिँ मसँग भर्खरै मात्र जोडिएकी हुन् । हामी जोडिएदेखि उनी र मबिच कुराकानी तुलनात्मक रूपमा अरूभन्दा फरक औ बाक्लिँदै गइरहेका छन् । तर यतिका दिनसम्म मेरो लोग्नेसँग पनि उनको बातचित हुने गरेको कहिल्यै सुनाइनन् । त्यसैले उनीप्रति सशङ्कित हुनु/रिसको पारो चढ्नु अस्वाभाविक थिएन । एक मनले उसलाई कल गरेर सोधूँ झैँ नलागेको पनि होइन । तथापि शङ्काको डढेलोले मनको लङ्का जलाए पनि लोग्नेप्रतिको अगाध प्रेम र आदर भावले संयमित बन्न बाध्य तुल्यायो ।

'सरितासँगको चक्कर कहिलेदेखि हो आराध्यदेव ?', कटाक्षपूर्ण भावमा मैले उनलाई सोधेँ ।

कोठामा एकछिन सन्नाटा छायो । सियो खसे आवाज आउने खालको । झ्यालबाट छिरेको घामका रोशनीले उनको अनुहारमा भय र ग्लानि प्रतियोगीझैँ दौडिरहेका देखिन्थे । मानौँ, भीषण प्रतियोगिता भइरहेछ । निमेष भरिको चकमन्नतालाई चिर्दै उनले जवाफ फर्काए, 'अहँ, हैन र थिएन पनि ।'

'कहिले थिएन ? हैन भनेर म अब कसरी विश्वास गरूँ प्राणेश्वर ?', संशयको पर्दा उघार्ने ध्येयले प्रश्नको डोरी बेस्सरी तानेँ मैले ।

'मेरो कुरामा विश्वास लाग्दैन ?', प्रतिप्रश्नको सिर्कनो उज्याए उनले ।

'किन लाग्दैन ? लाग्छ । तर मेरो जिज्ञासा नामेट पार्ने सटिक जवाफ हुनुपर्छ ।', टिठलाग्दो हाउभाउमा मैले भनेँ ।

'उनीसँग त्यस्तो केही होइन र छैन । केही दिनअघि मात्र उनले फ्रेण्ड रिक्वेस्ट पठाएकी थिइन् । फ्रेण्डसिप हुनासाथ मेसेज र कल गरिरहेकी छिन् ।', उनले इतिवृत्त सुनाउँदै गए । उनकै मुखारवृन्दबाट सुनेअनुसार यस्तो रहेछ उनीहरू दुई बिचको सम्बन्धः

सरोज मानविकी सङ्कायमा प्रोफिसिएन्सी सर्टिफिकेट लेबलको परीक्षा सकेर गाउँघरमै बसेको थियो । सुगम जिल्ला झापाको एक विकासोन्मुख गाउँ खुदुनाबारीमा थियो उसको घर । बाबुआमा परम्परागत कृषि पेसाको माध्यमबाट आफ्नो परिवारको लालन पालन गर्दै आएका थिए । सानै उमेरदेखि सबै क्षेत्रमा उत्तिकै रुचि राखे ता पनि साहित्य, राजनीति र समाज सेवाप्रति विशेष रुचि राख्थे । घरको काममा सामान्य सघाउपघाउ गरेपछि, गाउँघरमा एकपटक गोलचक्कर लगाउने बाँकी समय उपन्यास, कथा र निबन्ध पढेर रमाउने लत बसिसकेको थियो, फुर्सदको उनको त्यो समय। सरितासँगको भेटघाटपछि उनको दिनचर्यामा बदलाव आयो । एक अर्काप्रति दुवै जना सम्मोहित भए, प्रेमिल भए । जुनी-जुनीसम्म सँगै जिउने सँगै मर्ने बाचा गरे । तर दुर्भाग्य ! त्यो दिन उप्रान्त कहिल्यै सन्निकट नहुने गरी अलग भए । मानौँ, फुटेको काँचजस्तै । कसरी टुट्यो उनीहरू दुईबिचको त्यो सघन सम्बन्ध ? विश्वास अनि माया । रहस्यमय थियो उनीहरू बिचको प्रेम-दुर्घटना । कारण खोजी गर्न दुवैले दिलचस्बी लगाएनन् या अवस्थाले अवसर दिएन ।

करिब अढाई दशक समयान्तरपश्चात् फेसबुकमार्फत् सरोजलाई सरिताको फ्रेन्ड रिक्वेस्ट आउँछ । सम्बन्ध नयाँ आयामसहित नवीकरण हुन्छ । मेसेन्जरमा घण्टौँ कुरा गर्छन्, दुवै जनाले विगतका ती सुनौला क्षणहरूको स्मरणसँगै गल्तीको प्रायश्चित गर्छन् । सम्बन्धमा दरार पैदा गराउने व्यक्तिको पहिचान गर्छन् र सत्तो सराप्छन् । अन्ततोगत्वा आ-आफ्नो घरसंसार सिँगार्ने उपाय खोज्छन् । बिलकुलै नौलो आयामयुक्त मित्रताप्रति पुलकित हुन्छन् । उनीहरूबिच रहेको सम्बन्धबारे नालीबेली सुनेर तीन छक्क परेँ ।

हैट ! बिनाबित्थामा लोग्ने र दौँतरी साथीबिचको जायज सम्बन्धप्रति आशङ्का गरेछु । नाफा-नोक्सानको हिसाबकिताब गरेर साइनो जोड्ने आजको जमानामा भोटाङे भनी हेयको दृष्टिले हेर्ने समाजको पर्बाह नगरी मलाई आत्मसम्मान र माया दिने मेरो लोग्नेप्रति आशङ्का गरेकामा आफैँप्रति दया लाग्यो । उनकै आदर्शको पछि लागेर सुखसुविधाको निम्ति मरिहत्ते गर्ने भइनँ । भौतिक सुखको निम्ति माइतीसँगै तेस्रो मुलुक जाने धृष्टता गरिनँ । आत्मीक सुखभन्दा ठुलो अरू केही ठानिनँ । विदेशमा रहेका आफन्त, इष्टमित्रले भोग गरेका ऐय्यासीप्रति कति पनि औडाह लागेन । बरु अझै शिविरमा अलपत्र परेका भुटान फर्कन चाहने करिब तीन हजार सङ्ख्यामा रहेका आमाबुबा, दाजुभाइ र दिदीबहिनीहरूका भविष्यप्रति, नेपाली केटासँग बिहे गरेका परित्यक्त जीवन जिउन बाध्य नारीहरूप्रति असीम प्रेमभाव जागेर आयो । राष्ट्र, राष्ट्रियता, मौलिक संस्कृति र पहिचान तेस्रो मुलुकमै लोप होला भनेर चाहिँ असाध्यै पीर लाग्यो ।

यत्तिसम्मको अनुभव, ज्ञान र मानवीयता भएकी मभित्र यति सानो विषय र घटनाप्रति यति विघ्न नकारात्मक सोच कसरी उत्पन्न भयो होला ? अनुत्तरित भएँ । निष्कपट मेरो लोग्ने र सहृदयी सरिताबिचको जायज सम्बन्धलाई नाजायज देख्ने मेरो दृष्टिदोषप्रति मनमनै प्रायश्चित गरेँ । ठिक त्यतिबेला उनीचाहिँ मेरो मनभित्र हठात् सल्केको डढेलो निभेपछि मुर्झाएको मौनतालाई निर्निमेष नियालिरहेका झैँ देखिन्थे ।

## सातको कविता

डा. हरि पोखरेल

**जीवनका उर्वर समय**
**निरन्तर शिक्षण र सिकाइमा खर्चिंदै गर्दा**
**उत्सुकता, आशंका र सम्भावनाको त्रिवेणीमा**
**आफ्नो पहिचान नपहिल्याउँदै**
**उमेरले नेटो काटी सकेछ**
**भविष्य अनिश्चितता तर्फ तेर्सिएको**
**उसले पत्तै पाएन ।**
**एकादुई कामचोरहरूको घानमा परेर**
**आरोप, प्रत्यारोप, बद्नामी र सत्तोसरापमा**
**निरीह जिन्दगी जिउन अभ्यस्त ऊ**
**निरन्तर आफ्नो कर्तव्यमा तल्लीन हुँदै गर्दा**
**संघीय शिक्षा ऐनको नाममा फेरि एक पटक**
**रछ्यानमा फालिन लागेको मेसै पाएन।**
**अचेल ऊ सोच्छ,**
**कर्तव्यको निरन्तर यात्रामा हिंड्दै गर्दा**
**धन, दौलत र सम्पत्ति आर्जन गरिएन**
**शिक्षणजस्तो पवित्र पेसामा बसेर**
**ऐसआराम र विलासी आकांक्षा भरिएन**
**कर्तव्य र दायित्वको भारीले थिचिरहँदा**
**बुढ्यौलीसँगै अभाव र असुरक्षा बढ्ला भनेर**
**कहिले अन्दाजा नै गरिएन।**
**ऊ सम्झन्छ र सम्झिरहन्छ**
**दूरदराजमा अभाव र समस्यामाझ**
**शिक्षा दिइरहेका इमानदार शिक्षकहरूलाई गाली गर्ने**
**अर्ति, उपदेशमात्र दिने र दोषी करार गर्ने**
**सहरीया "शिक्षाविद्" हरूलाई,**
**शिक्षक र शिक्षा सम्बन्धी असल अभ्यास र प्रयासलाई नदेख्ने**
**तर, ससाना गल्ती कमजोरीलाई**
**नकारात्मक शब्दजालमा ऐलान गर्ने 'पत्रकार' हरूलाई,**
**गुणस्तरीय शिक्षाको एकमात्र अवयव**
**केवल शिक्षकहरू मात्र हुन् भन्ने**
**सरकार अनि शिक्षाका 'हाकिम' हरूलाई,**
**बिना लगानी पनि शिक्षामा क्रान्तिकारी रूपान्तरण खोज्ने**
**राजनीतिक दल र तिनका 'नेता' हरूलाई**
**अनि, शिक्षकको हितकै खातिर भनेर बनेका/बनाइएका**
**सरकारको विरोध गर्ने तर शिक्षाको रोडम्याप दिन नसक्ने**
**शिक्षक संघ/संगठन र तिनका नेताहरूलाई।**
**उसलाई थाहा छ, राम्ररी थाहा छः**
**आत्म सम्मान र पेसागत सुरक्षाका लागि भनेर**
**अब फेरि एकपटक अन्तिम र 'निर्णायक'**
**आन्दोलनको आह्वान गरिन्छ**
**सडकमा ओरालिन्छ शिक्षकहरूलाई**
**सुकिसकेको आशको त्यान्द्रो बौरिन्छ भन्ने**
**उसलाई खासै विश्वास त छैन**
**तर पनि 'केही भै हाल्छ कि' भनेर ऊ होमिन्छ आन्दोलनमा**
**अनि आन्दोलनले गन्तव्य भेट्टाउनै लाग्दा**
**वार्ता समिति गठन गरिन्छः**
**आन्दोलनरत पक्ष र सरकार पक्षबीच ............??**
**बुँदे सम्झौता गरिन्छ,**
**सम्झौतासँगै आन्दोलन तुहिन्छ/तुहाइन्छ**
**र, फेरि यही स्थापित व्यथितिको सिकार बनाइन्छ/बन्छ**
**ऊ अर्थात् निरीह शिक्षक ।**

(सिन्धुलीमाढी)




# शान्ति र विकासले अमेरिकी साम्राज्यवाद पछि पर्दै



**एजेन्सी**/ चीनको सद्भाव, शान्ति र विकासले अमेरिकी साम्राज्यवाद पछि पर्दै छ । यो विश्वको पछिल्लो विकसित घटनाक्रम र परिणामले देखाउँदै छ । यो अगष्ट २५ मा दक्षिण अफ्रिकाको जोहानेसवर्गमा सम्पन्न विश्वमा उदीयमान अर्थतन्त्र भएका देशहरूको सङ्गठन ब्रिक्सको १५ औं शिखर सम्मेलनले प्रमाणित गरेको छ । यसलाई अमेरिकी साम्राज्यवादको नेतृत्वमा गठित क्यानाडा, फ्रान्स, बेलायत, इटाली, जर्मनी, जापानको आर्थिक सङ्गठन जी - ७ को प्रतिस्पर्धी सङ्गठनको रूपमा लिइन्छ । यी देशहरू विश्वका गरिब, अशिक्षित, सानो, कमजोर देशहरूमाथि सहयोग, मानवअधिकार, प्रजातन्त्र, विकास आदिका नाममा हस्तक्षेप र आक्रमण गर्ने साम्राज्यवादी र उपनिवेशवादी देशहरू हुन् ।

उनीहरूले अफ्रिका, एसिया, ल्याटिन अमेरिकालगायतका देशका गरिब, अशिक्षित, पिछडिएका जनतालाई पशुलाई झैं फलामको सिक्रीले बाँधेर लगेका थिए । ती साम्राज्यवादीहरूले तेस्रो विश्वका जनतालाई जात, क्षेत्र, भाषा, धर्म, लिङ्ग, प्रजातन्त्र, मानव अधिकार, विकास, सहयोग आदिको नाममा भिडाउँदै आएका छन्, । उनीहरूले भिडाउने, आम नरसहार गर्न लगाउने, महँगोमा हतियार दिएर सस्तोमा त्यहाँको महत्वपूर्ण प्राकृतिक सम्पदा लुटिरहेका छन् । यसरी अमेरिकी साम्राज्यवाद विश्वमा युद्ध, लडाइँ नरसंहार नगराइकन बाँच्ने अवस्थामा छैन ।

यता चीन विकासमा विश्वको नेतृत्व गर्दै छ । आपसी समान, सद्भाव, सहयोग, विकास गर्ने वीन वीनको सिद्धान्तको आधारमा चीन बीआरआईमार्फत अघि बढ्दै छ । यसमा विश्वका १५० भन्दा बढी देशहरू सहभागी भइसकेका छन् । चीनले अमेरिका जी - ७ र नाटोले जस्तै विश्वका देश र जनतालाई एक आपसमा लडाउने, भिडाउने, हस्तक्षेप गर्ने, प्राकृतिक सम्पदा लुट्ने, दुःख, पीडा दिने काम गरेको छैन । चीनले विश्वका जनतासँग समान सहअस्तित्व, सदभाव, मित्रता, विकास र सहयोगको न्यानो हात अगाडि बढाउँदै आएको छ । विश्वका सबै जसो देश, जनता न्यानो र कसिलो हात जोडेर चीनको साथ र समर्थनमा रहेको घटनाक्रमले देखाइरहेको छ ।

सन् १८२३ मा मुनरो डाक्ट्रिनले अमेरिकी साम्राज्यवादको आँगनमा क्यारेवियाली देश र ल्याटिन अमेरिका मा जान गरिएको निषेधलाई बीआर आईमार्फत चीनले तोडिदिएको छ । २४ वटा ल्याटिन अमेरिकी देशहरूमध्ये २१ वटा देशहरू बीआर आईमा सामेल भइसकेका छन् । हालै मात्र अर्को ल्याटिन अमेरिकी देश ग्वाटेमालाको राष्ट्रपतिको निर्वाचनमा अमेरिकीविरोध ग्वाटेमाला नागरिकतले जितेका छन् । यसले अमेरिकी साम्राज्यवादलाई फेरि एक धक्का दिएको छ ।

चीनले विश्वमा शान्ति कायम गर्न, आपसी समान, हित र विकास गर्न महत्वपूर्ण भूमिका निभाउँदै आएको विश्वका जनताले हेरिरहेका छन् । हिजो अमेरिकी साम्राज्यवादले विश्वमा धर्म, जात, मानवअधिकार, प्रजातन्त्र विकास र सहयोगको नाममा भिडाइ रहेका, एकआपसमा शत्रु सम्झी लडिरहेका मित्र देशहरूलाई शत्रुता, वैमस्यता त्यागेर शान्ति, आपसी सद्भाव, सहयोग, विकास, मित्रताका हातहरू बढाउने, कसिलो हुने गरी जोड्न चीन सफल भएको छ । अमेरिकी साम्राज्यवादले भिडाइ रहेका शत्रु देशहरू इरान, साउदी अरब, संयुक्त अरब इमिरेटले मित्रता, शान्ति र विकासको कसिलो हात जोडेर संरा अमेरिकालाई सबक सिकाएको छ । त्यस्तै सिरिया, संयुक्त अरब इमिरेटस साउदी अरबसँग हात मिलाउन पनि चीन सफल भएको छ ।

हाल संरा अमेरिकाले सुदूर पश्चिम एसियाली देश सिरियालाई नाकाबन्दी लगाएर दुःख दिइरहेको छ । राष्ट्रपति बसर अल असदका विरोधी जनतालाई अमेरिकाले हतियार र पैसा दिएर लडाइरहेको छ । सिरियाली राष्ट्रपति बसर अल असदले देश र जनताको रक्षाको लागि वीरतापूर्वक लडिरहेका छन् । देशभक्त सिरियाली राष्ट्रपति र जनताको पक्षमा विश्वका जनताले साथ र समर्थन दिइरहेका छन् ।

अमेरिकाले पचासौं वर्षदेखि अरब देशहरू, मध्य पूर्व युरोपेली देशहरू लाई एक आपसमा जुधाएर, हतियार दिएर तेल लुट्दै छ । यही स्वार्थमा उसले इराक लिवियालाई सिध्याएको हो । अत्याचारी अमेरिकी साम्राज्यवाद जसरी हिजो भियतनाम उत्तर कोरिया, अफगानिस्तानबाट ज्यान जोगाएर भागेका थिए अब अरब देशहरूबाट पनि त्यसरी ज्यान बचाएर भाग्नुपर्ने स्थिति आउँदै छ । अरबी जनताले आफूहरूलाई अमेरिकी साम्राज्यवादले एक आपसमा भिडाएर स्वार्थ पूर्ति गरिरहेको, अरबी जनताको नरसंहार गरिरहेको कुरा बुझिसकेका छन् ।

विश्वमा अर्थतन्त्र, विज्ञान प्रविधिमा उदयमान राष्ट्र चीन, रुस, भारत, ब्राजिल, दक्षिण अफ्रिका सम्मिलित सङ्गठन ब्रिक्सको सम्मेलन अगस्ट २५ मा दक्षिण अफ्रिकी सहर जो हानेस वर्गमा सम्पन्न भएको छ । यसले विश्वमा अमेरिकी डलर को साम्राज्यको अन्त्य गर्दै छ । उनीहरू आ-आफ्नो देशमा साझा मुद्रा चलाउनेबारे छलफल गर्दै छन् । उनीहरूले त्यस साझा मुद्राबाट ब्रिक्स देश र अन्य आफ्नो सम्बन्ध भएका देशहरूमा पनि त्यस मुद्राबाट आर्थिक कारोबार गर्दै छन् । यसले एकातिर अमेरिकाले अरब देशहरूबाट तेल लुट्न नपाउने भयो भने अर्को तिर विश्वमा डलरलाई विस्थापित गरेर आफ्नो साझा मुद्राबाट आर्थिक कारोबार गर्दै छन् । विश्वमा अमेरिका को व्यापार व्यवसाय कारोबार खँस्कदै छ । हालैको ब्रिक्सको सम्मेलनले रणनीतिक र आर्थिकरूपले महत्वपूर्ण इरान, साउदी अरब र संयुक्त अरब इमिरेट्स गरी तीनवटा एसियाली देशहरू, इजिप्ट र इथोपिया अफ्रिकी देशहरू र दक्षिण अमेरिकी देश अर्जेन्टिना गरी ६ वटा देशलाई समाहित गर्ने निर्णय गरेको छ । यी देशहरू आगामी २०२४ जनवरी १ मा विधिवत ब्रिक्सको सदस्य बन्दै छन् ।

अमेरिकी साम्राज्यवादको चिहान अब विश्वका धेरै देशमा खनिसकेको छ तर पनि अब विश्वमा उनीबाट पीडित देशहरुलाई नाकाबन्दी गरेर वा धपाएर दण्ड दिँदै छन् । अमेरिकाले रुस, उत्तर कोरिया, क्युवा, भेनेजुयला, सिरियालगायतका देशहरूलाई पचासौँ वर्षदेखि अमानवीय नाकाबन्दी लगाइ रहेको छ । त्यसको न्याय र स्वतन्त्रता प्रेमी विश्वका देश र जनताले विरोध गरिरहेका छन् ।

उसको हस्तक्षेप र आक्रमणकारी सोच र नरसंहारकारी विचारले दुई कोरियाका दाजुभाइलाई भिडाउने, जापानलाई चीनसित लडाउने, विश्वका अर्थतन्त्र, विज्ञान प्रविधिमा उदीयमान छिमेकी देश चीन र भारत लाई उक्साउने, भिडाउने दुष्प्रयास गर्दै छन् । यी छिमेकी देशहरू उनको षड्यन्त्रपूर्ण चालबाजीबाट सचेतै होला । अमेरिका तेस्रो विश्वयुद्ध एसियामा गराउने सोचमा छ । यता एक दुई दशकको बिचमा कुनै बाधा व्यवधान, अवरोध नआएमा आर्थिक, सामाजिक, सांस्कृतिक, विज्ञान र प्रविधि र रणनीतिक क्षेत्रमा चीन विश्वको एक नम्बरमा, भारत दुई नम्बरमा आउने, साउदी अरब, इन्डोनेसियाजस्ता एसियाली मुलुकहरू पछाडि आउने खबर सञ्चारमाध्यममा यस अगाडि नै आएका थिए । हालसम्म चन्द्रमामा यान सफलतापूर्वक पठाउने विश्वका ४ मुलुक अमेरिका, रुस, चीन र भार तमध्ये तीन देशहरू त एसियाली देशहरू नै हुन् । हालै मात्र भारतले सफलतापूर्वक चन्द्रमाको दक्षिण ध्रुवमा चन्द्रमान -३ अवतरण गराएको छ । त्यसैले, अमेरिकी साम्राज्यवादको ढिलो चाँडो अन्त्य अवश्यम्भावी छ ।

## फरक कुरा



□ राजेश बस्नेत

# नसम्हालिएका प्रधानमन्त्री

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ललिता निवास जग्गा हिनामिना प्रकरणको छानबीन निष्कर्षमा पुग्न बाँकी रहँदै पूर्वप्रधानमन्त्री माधवकुमार नेपालबारे दिएको अभिव्यक्तिप्रति टिप्पणी योग्य रह्यो । केही दिन अगाडि समाजवादी मोर्चा, नेपालको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले माधव नेपाल निर्दोष सावित भइसकेको सार्वजनिक अभिव्यक्ति दिएका थिए । जबकी उक्त प्रकरणमाथि छानबीन अझै टुंगिएको छैन । तर सत्ताको नियतिमाथि प्रतिपक्षी दलहरुले गर्दै आएको आशंकालाई बल पुग्नेगरी प्रधानमन्त्री प्रचण्डले अभिव्यक्ति दिएका छन् । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले त सरकारले अगाडि बढाएको छानबीनहरु निष्पक्ष नरहेको निष्कर्षसहित एक महिना लामो संसद् अवरोध नै गरेको थियो । विशेषगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार पार गरिसकेको अवस्थामा बरामद भएको सुन प्रकरणको छानबीनमा प्रश्न उठाउँदै एमालेले संसद् अवरोध गरेको थियो ।

पछि छानबीन समिति गठन गर्ने राजनीतिक सहमति गरी संसद् खुल्यो । यो प्रकरणसहित ललिता निवास जग्गा प्रकरण र नक्कली भुटानी शरणार्थी प्रकरणको छानबीनमा एमालेले आशंका गर्दै आएको थियो । सत्तारुढ नेताहरुलाई बचाउनेगरी छानबीन हुने गरेको एमालेका नेताहरुले सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । त्यस्तै बेला प्रधानमन्त्री प्रचण्डले आफ्ना सत्ता साझेदार दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष रहेका नेपाललाई निर्दोष रहेको सार्वजनिक अभिव्यक्ति दिए । एउटा प्रधानमन्त्रीले यसरी अभिव्यक्ति दिनु पक्कै पनि उचित होइन । अझ प्रधानमन्त्री प्रचण्डले यस्ता गल्ती बारम्बार दोहोऱ्याउँदै आएका छन् । कतिसम्म भने सार्वजनिक मञ्चबाटै सशस्त्र विद्रोहकालमा मारिएका पाँच हजार नागरिकको जिम्मा लिने अभिव्यक्ति दिएपछि सर्वोच्च अदालतमा मुद्दा खेपिरहेका छन् ।

भर्खरै मात्रै प्रधानमन्त्री प्रचण्डले सार्वजनिक अभिव्यक्तिकै कारण संसदको रोष्ट्रममा उभिएर माफी माग्नु परेको थियो । राजधानी उपत्यकामा आयोजित एक पुस्तक विमोचन कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले ब्यापारी प्रितम सिंहले आफूलाई प्रधानमन्त्री बनाउन धेरै पटक भारतीय नेताहरुसँग कुरा गरेका सार्वजनिक अभिव्यक्ति दिएका थिए । त्यस्तो अभिव्यक्तिप्रति विपक्षी दलहरुको आपत्तिपछि प्रधानमन्त्री प्रचण्डले माफी मागेका थिए । तर प्रधानमन्त्री प्रचण्डले कतिपय गल्तीहरु माफी मागेर मात्रै नपुग्ने बुझ्न सकेका छैनन् । अझ मुलुकको कार्यकारी प्रमुखले दिने अभिव्यक्तिको अर्थ नबुझ्नुको मूल्य सिंगो मुलुकले खेप्नु पर्ने बुझ्नुपर्ने हुन्छ । अतः प्रधानमन्त्री प्रचण्डले सार्वजनिक अभिव्यक्तिमा सम्हालिन आवश्यक छ ।



पिउने पानी प्रयोगमा सचेतता अपनाऔं

वर्षातको समयमा तपाई हामीले प्रयोग गरेको खानेपानीको धारामा धमिलो पानी पनि आउन सक्छ । धमिलो पानी आएमा पानीलाई फिल्टर गरेर वा थिग्राएर, तताएर वा कुनैपनि बिधिबाट शुद्धिकरण गरेरमात्र प्रयोग गरौं । मानव शरिरमा लाग्ने धेरैजसो रोग दुषित पानीको कारणले लाग्ने भएकाले आफुले प्रयोग गर्ने पानी शुद्धिकरणमा ध्यान दिउँ ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
खानेपानी तथा सरसफाई डिबिजन नं. ४ रामेछाप
बाग्मती प्रदेश, फिल्ड कार्यालय सिन्धुली



प्रतिक्षा मेडिकल हल
एण्ड कायरा फार्मेसी
०४७-५२००४१, ५२०१५६
९८५४०४०१५६
कमलामाई नगरपालिका-४, ढुंग्रेबास सिन्धुली
होलसेल तथा खुद्रा मुल्यमा पाउनुको साथै छुटको पनि व्यवस्था छ ।


सिन्धुलीका कृषकहरुका लागि खुशीको खबर

यहां गुणस्तरिय पशुपंक्षीको औषधी, कृषि विषादी, कृषि औजार, सिजन अनुसारको तरकारी बिउ बिजनहरुको होलसेल तथा खुद्रा मुल्यमा पाउनुका साथै प्राविधिक सल्लाह पनि दिइन्छ ।








सिन्धुली भेट फर्मा




कमलामाई ६ स्टलवजार, सिन्धुली फोन: ०४७-५२०२१२ मोबाइल: ९८४४०४१०१५

# हाम्रा फिल्मले शो नपाउनुमा हाम्रै कमजोरी हुन सक्छ : दयाहाङ राई

अभिनेता दयाहाङ राईले विदेशी फिल्मको चेपुवामा परेर नेपाली फिल्मले शो पाउन नसकेको सन्दर्भमा टिप्पणी गरेका छन् । आफू अभिनित फिल्म 'नांगो गाउँ'को प्रेसमिटमा बोल्दै राईले नेपाली फिल्मले गुणस्तर र प्रतिस्पर्धाबाटै शो पाउने क्षमताको विकास गर्नु जरुरी रहेको बताए ।

प्रतिस्पर्धा गर्ने अधिकार विदेशी फिल्मलाई पनि रहेको भन्दै उनले व्यवसाय गर्ने अधिकारबाट कसैलाई रोक्न नसकिने समेत बताए । 'खुला बजारमा प्रतिस्पर्धा गर्ने अधिकार सबैलाई छ । नेपाली फिल्म आफैंले प्रतिस्पर्धा गरेर शो पाउने क्षमताको विकास गर्नुपर्छ,' उनले भने ।

दयाहाङ अभिनित दुई ब्लकबस्टर फिल्महरु 'कबड्डी' श्रृंखला र 'जारी'ले त्यतिबेला रिलिज भएका विदेशी फिल्मलाई महिनौंसम्म चुनौती दिएका थिए । उनले खुला बजारमा बिक्री हुने चीजको पछि नै मान्छे लाग्ने भएकाले खुला बजारमा प्रतिस्पर्धा नभए मजा नहुने समेत बताए ।



पटक-पटक नेपाली फिल्मले शो नै पाउन नसकेको गुनासोतर्फ लक्षित गर्दै दयाहाङले राम्रा फिल्म बनाउनुको विकल्प नरहेको बताए । सञ्चार कर्मीले उनलाई भदौ २९ गतेबाट प्रदर्शन हुन लागेको अर्को नेपाली फिल्म 'एक भगवत् गीता' र एक साताअघि रिलिज हुन लागेको बलिउड फिल्म 'जवान'को रिलिजको सन्दर्भमा यो प्रश्न गरेका थिए ।

'हामीले राम्रो शो पाउने सिनेमा बनाउनुपर्‍यो । हाम्रा सिनेमाले मात्रै शो पाउने सिनेमा बनाउनुपर्‍यो । हाम्रो सिनेमाले शो नपाउनुमा हाम्रै कमजोरी हुन सक्छ,' दयाहाङले भने, 'कसैलाई काखा वा पाखा गर्नुपर्छ भन्ने मलाई लाग्दैन । कोटा प्रणाली मा जाने हो भने नीतिगत निर्णय गरेर जानुपर्छ ।'

दयाहाङ आगामी फिल्म 'गाउँ आएको बाटो'को प्रिमियरमा सहभागी हुन मंगलबार राति क्यानडामा आयोजना हुन लागेको टोरन्टो फिल्म फेस्टिभलतर्फ जाँदैछन् ।

# नेपाली फिल्ममा भुटानी अभिनेत्री उगेन छोदेनको पुनरागमन तय

'दुई नम्बरी'बाट नेपाली फिल्ममा डेब्यु गरेकी चर्चित भुटानी अभिनेत्री उगेन छोदेनको कमब्याक पक्का भएको छ । वैशाखदेखि छायांकन हुने फिल्ममा उनलाई शीर्ष भूमिकामा लिएर किरण नेपालीले फिल्म बनाउन लागेका छन् ।

अनलाइनखबरसँग कुरा गर्दै नेपालीले नयाँ फिल्ममा छोदेनसँग सहमति जुटेको बताए । उनका अनुसार 'दुई नम्बरी'को सिक्वेलमा उनलाई कास्ट गर्नेबारे तयारी भइरहेको छ । केही दिनअघि निर्माता नेपालीले फेसबुकबाट छोदेनसँगको तस्वीर सेयर गर्दै दोस्रोपटक सहकार्य गर्न लागेको बताएका थिए ।



'दुई नम्बरीको सिक्वेल हुने सम्भावना ८० प्रतिशत छ । वैशाखदेखि छायांकन हुने भएकाले हामी तयारीमा अवस्थामा छौं । अहिले प्रि-प्रोडक्सनमा काम भइरहेको छ,' नेपालीले भने ।

'दुई नम्बरी'मा उगेनले जहाज दुर्घटनामा मृत्यु भएका आमाबुवाको दुर्घटनास्थल भएको गाउँमा काम गर्न भुटानबाट आएकी पात्रको भूमिका निर्वाह गरेकी थिइन् ।

'दुई नम्बरी' हिट भएसँगै फिल्ममा उनको अभिनयलाई रुचाइएको थियो । थुप्रै भुटानी फिल्ममा समेत अभिनय गरेकी उगेनले भुटानको राष्ट्रिय चलचित्र पुरस्कार समेत जितेकी छन् । उनी बेलाबेलामा नेपाल भ्रमणमा आइरहन्छिन् । उनको कमब्याक पक्का भएपछि फ्यान खुसी भएका छन् ।

# रघुको फिल्ममा भित्रिए मुकुन

फिल्म 'बुलबुल' बाट चर्चा कमाएका अभिनेता हुन् मुकुन भुसाल । पहिलो फिल्मबाटै हिट हुन सफल उनले दोस्रो फिल्म 'झिँगेदाउ' मा पनि सफल भए । बिहीबारबाट उनी अभिनित दुई फिल्म 'ऐँचो पैंचौ' र 'गणपति' एकसाथ प्रदर्शनमा आएको छ ।

दुवै फिल्म राम्रो हुने अपेक्षा उनको छ । केही फिल्म हिट दिँदा लगातार फिल्म हात पार्न सफल उनको पाइप लाइनमा ज्ञानेन्द्र देउजाको 'उपहार', मधुसूदन भट्टराईको 'दौंतरी' र विकास गिरीको 'बिजुली' समेत छ । यस्तैमा उनी अर्को फिल्ममा पनि अनुबन्धित भएका छन् । चलचित्र पत्रकार सङ्घका महासचिव तथा निर्माता रघुनाथ सापकोटाको निर्माणमा बन्न लागेको एक फिल्ममा उनी मुख्य भूमिकामा



अनुबन्ध भएका छन् । रघुजी फिल्मस्को ब्यानरमा निर्माण हुन लागेको फिल्ममा मिलन मिश्रको पनि अभिनय रहनेछ । फिल्मको लागि अभिनेता फाइनल भए पनि अभिनेत्री खोजी भइरहेको निर्माता सापकोटाले बताए । नवीन भट्टको डेब्यू निर्देशन रहने फिल्ममा सुनील निउरेको पटकथा तथा संवाद रहनेछ ।

कथा रघुनाथ सापकोटा स्वयंले लेखेका हुन् । ज्ञानेन्द्र शर्मा हुमागाईंको छायाङ्कन, अर्जुन पोखरेलको सङ्गीत रहने फिल्मको छायाङ्कन असोजको पहिलो साताबाट छायाङ्कन सुरु हुनेछ ।
















सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पबन राउत, कार्यालय (सिन्धुली): विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानुनी सल्लाहकार: केशवप्रसाद गौतम ई-मेल: news.pradesh@gmail.com, बेभ: www.epradeshkhabar.com मुद्रण: लालिगुरांस अफसेट प्रेस, सिन्धुली